जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ४१ • २०८१ साल असार १५ गते शनिवार (29 June, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# राजीनामाको माग बीच मुख्यमन्त्रीले विश्वासको मत लिने तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । राजीनामा माग भइरहेको बेला मुख्यमन्त्री सतीश कुमार सिंह विश्वासको मत लिने तयारी थालेका छन् ।

पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले मुख्यमन्त्री सिंहले त्रुटिपूर्ण बजेट ल्याएको स्वीकार गरिसकेकाले तत्काल राजीनामा माग गरेका छन् । उनले राजीनामा माग गरिरहेकै बेला प्रदेशसभाबाट विश्वासको मतका लागि तयारी थालेपछि विभिन्न अड्कलबाजीसमेत भइरहेको छ ।

मधेश प्रदेशसभामा विश्वासको मत लिनु अघि मुख्यमन्त्री सिंहले बजेटमा त्रुटि रहेको भन्दै बजेट संशोधनका लागि सर्वदलीय बैठकबाट सर्वसम्मत निर्णय गर्दै विपक्षी दलहरुको साथसमेत खोज्ने दाउमा लागेका थिए ।

मुख्यमन्त्री सिंहले सबै दलको साथमा त्रुटिपूर्ण बजेट संशोधनको नाममा प्रदेशसभाबाट सर्वसम्मतरुपमा विश्वासको मत लिइ स्थिर मुख्यमन्त्रीका रुपमा स्थापित हुन खोजिरहेको समेत टिप्पणी हुन थालेको छ ।

यसैबीच मधेश प्रदेशका मुख्यमन्त्री सिंहले यही असार २१ गते विश्वासको मत लिने आन्तरिक तयारी थालेका छन् ।

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले मुख्यमन्त्री सिंहले यही २१ गते विश्वासको मत लिने आन्तरिक तयारी थालेको पुष्टि गरेको छ ।

संविधानको धारा १६८ (४)अनुसार मुख्यमन्त्री नियुक्त भएको ३० दिनभित्र सांसदबाट विश्वासको मत लिनुपर्ने व्यवस्था रहेको छ । त्यसअनुसार मुख्यमन्त्री सिंहले २२ गतेभित्र सदनबाट विश्वासको मत लिइसक्नु पर्ने संविधानमा व्यवस्था छ ।

संवैधानिक व्यवस्था अनुसार यही २१ गते विश्वासको मत लिने सरकारले तयारी थालेको मुख्यमन्त्री सिंहले बताए । उनले भने, ' हामी विश्वासको मत लिने छौँ, यस अघि नै विश्वासको मत लिन्थ्यौँ, तर सत्तारुढ नेकपा एकीकृत समाजवादीको महाधिवेशन यसैबीचमा हुँदैछ । सो पार्टीका सांसदहरूले २० भन्दा अगाडि विश्वासको मत नलिन आग्रह गरेका छन्, त्यसकारण हामीले वहाँहरूको आग्रहलाई मध्यनजर गर्दै २१ गते विश्वासको मत लिने तयारी थालेका छौं ।'

तत्कालीन मुख्यमन्त्री सरोज कुमार यादवले प्रदेशसभामा बहुमत प्राप्त नगरेपछि मुख्यमन्त्री सिंहले बहुमत सांसदहरूको समर्थनमा प्रदेश सरकारमा नियुक्त भएका थिए ।

मधेश प्रदेश प्रमुख सुमित्रा भण्डारीले २५ जेठमा जनतम पार्टीको तर्फबाट सिंहलाई मुख्यमन्त्रीमा नियुक्त गरेकी थिइन् । उनले सरकार टिकाउन ५४ जना प्रदेश सांसदहरूको समर्थन चाहिन्छ ।

बुहमत सिद्ध गर्दा मुख्यमन्त्री सिंहले आफ्नो पक्षमा ५५ जना सांसदहरूको समर्थन रहेको दाबी पेस प्रदेश प्रमुखको कार्यालयमा गरेका थिए ।

त्यस बखत मुख्यमन्त्री सिंहले नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनमत पार्टी, एकीकृत समाजवादी र नेपाल संघीय समाजवादी पार्टी समर्थनसहित हस्ताक्षर पत्र प्रदेश प्रमुखको कार्यालयमा बुझाएका थिए ।

हाल मुख्यमन्त्री सिंहले आफ्नो नेतृत्वको सरकारमा मन्त्रीमण्डल पनि विस्तार गरिसकेका छन् ।











# सिरहामा रासायनिक मलको पर्याप्त मौज्दात



सिरहा । यस वर्ष जिल्लाका किसानले धान रोपाइँको समय रासायनिक मलको अभाव भेल्नु नपर्ने भएको छ । कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय लहानसँग पर्याप्त मौज्दात मल भएकाले सिरहाका किसानलाई समस्या नहुने भएको हो ।

जिल्लामा आवश्यक रासायनिक मल तीन किस्तामा वितरण भइरहेको लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालयले जनाएको छ । बाँकी मल आउने क्रम जारी रहेकाले अभाव नहुने कार्यालयका प्रमुख दीपकराज पौडेलले जानकारी दिनुभयो । यसअघि कम्पनीले बजार मागअनुसार मल ल्याउन नसक्दा किसानले अभाव भेल्नुपरेको उहाँको भनाइ छ ।

प्रमुख पौडेलका अनुसार सिरहामा करिब ६३ हजार नौ सय ६८ हेक्टर जमिन खेतीयोग्य रहेको छ । बजारको माग अनुसार नै रासायनिक मलको आयात भइरहेकाले मौज्दात रहेको मल वितरण भइरहेको उहाँले जानकारी दिनुभयो । रासायनिक मलको सबैभन्दा धेरै माग असारमा हुने भन्दै मागअनुसारको थप मल आइरहेकाले अभाव नहुने उहाँले बताउनुभयो । "हामीले असार सुरुदेखि पहिलो चरणको सात सय मेट्रिकटन रासायनिक मल वितरण गरिसकेका छौँ । अहिले दोस्रो चरणको आठ सय मेट्रिकटन वितरण भइरहेको छ । तेस्रो चरणमा यही असार २२ गतेसम्म वितरण हुन्छ", प्रमुख पौडेले भन्नुभयो, "यसरी सबै किसानलाई आवश्यकताका आधारमा मल वितरण गरिने हुँदा ढुक्क हुनलाई म आग्रह गर्दछु ।" युरिया, डिएपी, पोटासलगायत रासायनिक मल कम्पनीसँग प्रयाप्त मौज्दात रहेको उहाँको भनाइ छ।

जिल्लाका किसानका लागि पालिकाले तोकेका कृषि सहकारी संस्थामार्फत मल वितरण हुँदै आएको छ । सम्बन्धित निकायले पहुँचका आधारमा सिफारिस गर्ने हुनाले वास्तविक किसान मल पाउनबाट छुटेको हुनसक्ने भन्दै पौडेलले भन्नुभयो, "कतिपय किसानले मलखाद नपाएको गुनासो आएको छ । किस्तामा मल वितरण गर्नुपरेकाले उहाँहरुको पालो अब क्रमशः आउने छ ।"

जिल्लामा कृषि सामग्री केन्द्रसँगै साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले पनि रासायनिक मल वितरण गरिरहेको छ । कृषि ज्ञान केन्द्रले आवश्यकता अनुसार पालिकालाई रासायनिक मलको कोटा निर्धारण गर्ने र पालिकाले सोहीअनुसार पत्र पठाएपछि मल प्रदान गरिने पौडेलले जानकारी दिनुभयो । गत वर्षभन्दा यसवर्ष धेरै मल आयात भएकाले मल अभाव नहुने उहाँको विश्वास छ। रासायनिक मलले गोठमलभन्दा तुरुन्त काम गर्ने, लागत कम लाग्ने, उत्पादन र उत्पादकत्व बढाउने किसानको भनाइ छ ।रासस

# समाजवादको आधार तयार पार्न सरकार लागिपरेको छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रच ण्ड'ले क्रान्ति र परिवर्तनका उपलब्धि संस्थागत गर्दै समाजवादको आधार तयार पार्न सरकार लागिपरेको बताउनुभएको छ ।


'साहसिक योद्धा जगतबहादुर बोहराको जीवनी तथा संस्मरणहरू' नामक पुस्तक शुक्रबार लोकार्पण गर्दै प्रधानमन्त्री दाहालले सुशासन, सामाजिक न्याय र समृद्धिको प्राथमिकतासहित सरकार अघि बढिरहेको बताउनुभयो । "हजारौँ सहिद, बेपत्ता योद्धा र लाखौँ क्रान्तिकारी योद्धाको त्याग, तपस्या र बलिदानको जगमा आज हामी समाजवादोन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगेका छौँ, यी उपलब्धिलाई संस्थागत गर्दै समाजवादको यात्रा तय गर्नुपर्छ", प्रधानमन्त्री दाहालले भन्नुभयो ।

जस्तोसुकै चुनौतीपूर्ण परिस्थितिमा पनि बोहराले देश र जनताको मुक्ति र परिवर्तनलाई नै केन्द्रमा राखेर काम गर्नुभएको स्मरण गर्दै उहाँले नेपाली समाजको क्रान्तिकारी रूपान्तरणका पक्षमा भएको जनयुद्धको दौरानमा समेत उहाँको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्नुभयो ।

एकदलीय निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध जनताले गरिरहेको वीरतापूर्ण प्रतिशोधमाथि दमनस्वरुप २०४० सालको माघे सङ्क्रान्तिका दिन सिन्धुपाल्चोकको पिस्करमा जनतामाथि निर्मम दमन र हत्या भएको थियो । स्थानीय समुदायले माघीको अवसरमा गरिरहेको शान्तिपूर्ण सांस्कृतिक कार्यक्रममा आक्रमण हुँदा पिस्करमा इले थामी र वीरबहादुर थामीलगायतको ज्यान गएको थियो ।

उक्त घटनामा छत्रबहादुर बोहरा, मानबहादुर थामी, मेघनाथ पौडेल, अरुण नेपाल, सरेश नेपाल, गोपाल थपलियालगायतका दर्जनौँ योद्धाले जेलनेल र यातनाको सामना गर्नुपरेको थियो । जगतबहादुर बोहरा उक्त घटनामा सख्त घाइते हुनुभएको थियो । पुस्तक लोकार्पण कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटा, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता अमृतकुमार बोहोरालगायतको उपस्थिति थियो ।रासस

# स्वदेशमा नै सिर्जनशील उद्यम गर्न मुख्यमन्त्री सिंहको आग्रह



जनकपुरधाम । मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुरधाम उपमहानगरपालिका-४ रामचोकस्थित नवनिर्मित राम व्यायामशाला भवनको उद्घाटन गर्नुभएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा रु २५ लाखको लागतमा व्यायामशाला निर्माण भएको श्रीराम युवा कमिटीको अध्यक्ष प्रमेश्वर साहले जानकारी दिनुभयो ।

सो अवसरमा मुख्यमन्त्री सिंहले मधेस प्रदेश सरकारले युवामैत्री बजेट ल्याएको जानकारी दिँदै स्वदेशमा नै सिर्जनशील उद्यम गर्न युवालाई आग्रह गर्नुभयो ।

उहाँले खानपान र जीवनशैलीमा आएको परिवर्तनले व्यक्तिमा विभिन्न प्रकारको दीर्घरोग बढिरहेको अवस्थामा स्वस्थ जीवन यापन गर्न नियमित शारीरिक अभ्यासमा व्यायामशालाले उत्प्रेरित गर्ने बताउनुभयो ।

'मेरो स्वास्थ्य मेरो जिम्मेवारी' नाराका साथ हरेक पालिकासँगको समन्वयमा नागरिक आरोग्य केन्द्रको स्थापना गरी स्वस्थ्य नागरिक समृद्ध प्रदेशको अभियानसमेत सञ्चालन गरिने उहाँले बताउनुभयो ।रासस

# 'वर्षाका कारण उपत्यकाको फोहर व्यवस्थापनमा समस्या हुँदैन'



काठमाण्डु । काठमाडौं महानगरपालिकालेवर्षातकाकारण विगतका वर्षमा जस्तो यसवर्ष फोहर व्यवस्थापनमा समस्या नहुने जनाएको छ । कामपाले वर्षाका कारण फोहोर व्यवस्थापन हुने समस्या समाधान भइसकेको जनाएको हो ।

कामपाका पूर्वाधार सल्लाहकार सुनिल लम्सालले फोहर व्यवस्थापनस्थल बञ्चरेडाँडासम्म जाने बाटोको समस्या समाधान भइसकेकाले लामो समयसम्म फोहर रोकिने समस्या नहुने बताउनुभयो । उहाँले भन्नुभयो, "विगतमा फोहर व्यवस्थापन गरिँदै आएको स्थान सिसडोलमा पनि विगतको फोहरलाई (क्यापिङ) माटोले छोपेर मिलाउने काम गरिसकेको र वैकल्पिक बाटोको व्यवस्था गरेकाले यसवर्ष फोहर व्यवस्थापनमा समस्या हुँदैन ।"

लम्सालले तीनपिप्लेदेखि सिसडोलम्म केही स्थानमा पहिरो जाने गरेकामा ती स्थानमा पर्खाल निर्माण गरिएकाले नियमित पानी परे पनि समस्या नहुने उहाँको भनाइ छ ।

कामपाका कूल ३२ वडामध्ये भित्री नौवटा वडाबाहेक अन्यमा निजी कम्पनीको सहकार्यमा फोहर व्यवस्थापन हुँदै आएको छ । हरेक दिन उपत्यकाबाट एक हजार दुई सय मेट्रिकटन फोहर बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ । त्यसमध्ये सबैभन्दा बढी कामपाको पाँच सय मेट्रिक टन फोहर जान्छ । निजी क्षेत्रबाट व्यवस्थापन हुने र कामपाको गरी दैनिक कम्तीमा दुई सय गाडीले फोहर ओसार्छन् ।

> निजी क्षेत्रबाट व्यवस्थापन हुने र कामपाको गरी दैनिक कम्तीमा दुई सय गाडीले फोहर ओसार्छन् । उपत्यकाका १८ पालिकाको फोहर दैनिक रुपमा त्यहाँ पुग्ने गरेको छ ।

उपत्यकाका १८ पालिकाको फोहर दैनिक रुपमा त्यहाँ पुग्ने गरेको छ । सुरुमा गोकर्ण, सिसडोल हुँदै अहिले बञ्चरेडाँडामा फोहरको अन्तिम व्यवस्थापन हुँदै आएको छ ।

विसं २०६८ मा सरकारले जारिगरेको फोहरमैला व्यवस्थापन ऐन र २०७७ सालमा कामपाले जारिगरेको वातावरण तथा प्राकृतिकस्रोतसंरक्षणऐनबमोजिम सहरी सरसफाइ र स्वच्छताका लागि फोहरलाई स्रोतमै छुट्याउने दायित्व उत्पादकको हुने कानुनी व्यवस्था छ । यसअनुसार उत्पादकले भान्सामा जैविक र अजैविक फोहरलाई छुट्टाछुट्टै भाडामा राख्नुपर्ने हुन्छ । रासस

## किसानलाई दिएको रकम स्वार्थ समूहले खर्च गरेकामा मन्त्री साहको आपत्ति

काठमाण्डु । कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साहले सरकारले ऋण लिएर दूध उत्पादक किसानलाई दिएको रु ३० करोड स्वार्थ समूहले तलब, भत्तामा खर्च गर्ने निर्णय गरेकामा आपत्ति जनाउनुभएको छ ।

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना 'समापन तथा नतिजा प्रसार समारोह कार्यक्रम'मा मन्त्री साहले किसानलाई असहज हुने गरी कुनै पनि काम नगर्न निर्देशन दिनुभयो । यसबाट दुग्ध विकास संस्थानले पाठ सिक्नुपर्ने उहाँले उल्लेख गर्नुभयो । मन्त्री साहले कृषिलाई प्राथमिकता दिने नीतिअनुरुप सरकारले लगानी दशक घोषणा गरेकाले यसमा निजी क्षेत्र सहभागी हुने व्यवस्था गरिएको बताउनुभयो । उत्पादनमा लागेका किसानलाई सहुलियत ऋण उपलब्ध गराउन पहल गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले आयोजनाका माध्यमबाट पशु विकासका क्षेत्रमा प्राप्त उपलब्धि शून्यमा नजाने गरी काम गरिने प्रतिबद्धता जनाउनुभयो । सातै प्रदेशसँग छलफल गरी आयोजनाबाट प्राप्त भएका उपलब्धिलाई संस्थागत गर्न पहल गरिने उहाँले बताउनुभयो । दूध र खसीको मासु उत्पादनमा आत्मनिर्भर हुन आयोजनाबाट सहयोग मिलेको सचिव मिश्रले बताउनुभयो ।

"आयोजनाको काम समापन हुनु भनेको नयाँ सुरुआत पनि भएकाले दूधको आन्तरिक उपभोग बढाउन जरुरी छ", उहाँले भन्नुभयो ।रासस

# नेकपा एस महाधिवेशनः सर्वसम्मत नेतृत्व चयनको प्रयास

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को आसन्न १०औँ राष्ट्रिय महाधिवेशनमा सर्वसम्मत अध्यक्ष चयन गर्न शीर्ष नेताहरूबीच छलफल प्रारम्भ भएको छ । नेतृत्वपङ्क्ति सर्वसम्मत रूपमा अध्यक्ष चयन गर्ने प्रयासमा छ।

राजनीतिक प्रतिवेदन, पार्टीको समाजवादी कार्यक्रम, विधान संशोधन र साङ्गठनिक प्रतिवेदनलाई एउटै साझा दस्तावेज बनाएर महाधिवेशनमा लैजाने समझदारी भएपछि पार्टी केन्द्रीय नेतृत्वमा पनि निर्विरोध उम्मेदवारको खोजी गरिएको हो ।पार्टीको आन्तरिक एकता बलियो बनाउन, वैचारिक तथा सैद्धान्तिक कार्यदिशाका हिसाबले पार्टीको नेतृत्व साथै देश र जनताको हितमा काम गर्न सक्ने स्वच्छ छवि भएको नेतालाई नेतृत्वमा लैजानुपर्ने पार्टीका सातै प्रदेशका अध्यक्षले सुझाव दिनुभएको छ ।

सम्मानित नेता झलनाथ खनालले सबै प्रदेश अध्यक्षसँग गर्नुभएको छलफलमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले)सँग विभाजित हुनुको औचित्य पुष्टि गर्नसक्नुपर्ने सुझाउनुभएको छ ।कोशीबाट बलदेव चौधरी, गण्डकीका श्रीनाथ बराल, बागमतीका सावित्रा भुसाल, मधेस प्रदेशका रामचन्द्र यादव, लुम्बिनीका सोमप्रसाद पाण्डे, कर्णालीका अम्बर थापा र सुदूरपश्चिमका हर्कबहादुर सिंह छलफलमा सहभागी हुनुहुन्थ्यो ।

पार्टीका अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालबीच समझदारीका साथ सर्वसम्मत नेतृत्व चयनका लागि पुस्तान्तरणका विषयमा पनि छलफल गरिएको स्थायी समिति सदस्य आलोक रायमाझीले जानकारी दिनुभयो ।

यही असार १६ देखि २० गतेसम्म पार्टीको महाधिवेशन हुँदैछ ।रासस


## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको +2 को माइग्रेशन हरिहरपुरबाट सपहीजाने क्रममा मिति २०८१।३।५ गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : संगीता कुमारी महतो**
**सिम्बोल नं.: ३१८००८११**
**रजिष्ट्रेशन नं.: ७११८१९०३०**
**ठेगानाः जि.महोत्तरी, भंगहा-४**
**मो.नं.९८०७८३०६७७**

## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको राष्ट्रिय परिक्षा बोर्डको माइग्रेशन ढल्केवरबाट जनकपुर जाने क्रममा मिति २०८१।३।१ गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।

**नाम : पिंकी कुमारी साह**
**सिम्बोल नं.: २१७०५८३०**
**रजिष्ट्रेशन नं.: ७९२१७०३५००७६**
**ठेगानाः मिथिला न.पा.-७, ढल्केवर, धनुषा**
**मो.नं.९८२७८६८०९२**

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा ज.उ.म.न.पा. वडा नं. ११, कन्या स्कुलको नजिक Parking गरिराखेको अवस्थाबाट मिति २०८१/०१/२८ गते लु. ९६ प ०९७३ नम्बरको Black Red रंगको ईन्जिन नं. DKXCNM38831 चेचिस नम्बर MD2A13EX5NCM84482 को बजाज कम्पनीको पल्सर 220cc F ABS रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः मो. सदरे आलम**
**ठेगानाः भंगहा-८**
**मो. नं. ९७०४५१४४२२**
**९८१९६३५२३६**


## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथून | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| बृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पक्राउ परेका सूचनाका हकका अभियानकर्मी रिहा

काठमाण्डु । गोकर्णेश्वर नगरपालिका र त्यसअन्तर्गतका विभिन्न निकायमा सार्वजनिक महत्वको सूचना माग गरेकै कारण पक्राउ गरी १२ दिनदेखि प्रहरी हिरासतमा राखिएका सूचनाका हकका छजना अभियानकर्मी शुक्रबार रिहा भएका छन् ।

ती अभियानकर्मीले नगरपालिका र त्यसअन्तर्गतका निकायमा अनियमितता एवं बेथितिका सूचना माग गरेका थिए । सोही कारण सूचनाको हकका लागि राष्ट्रिय महासङ्घ जिल्ला कार्यसमिति काठमाडौँका कार्यसमिति सदस्य अस्मिता खत्री, गोकर्णेश्वर नगर समिति संयोजक आदर्श क्षेत्री, अभियानकर्मीहरु राजु सुनार, प्रेमप्रसाद श्रेष्ठ, किरण केसी र बलराम चालिसेलाई प्रहरी वृत्त बौद्धले बेनामी उजुरीका आधारमा पक्राउ गरी हिरासतमा राखेको थियो ।

असार ३ गते चारजना र असार १० गते दुई गरी छजना अभियानकर्मीलाई प्रहरीले नियन्त्रणमा लिई झुटा मुद्दा चलाउन खोजे पनि प्रमाण नपुगेका कारण रिहा गर्न बाध्य भएको महासङ्घका अध्यक्ष उमिद बागचन्दले राससलाई जानकारी दिनुभयो ।

यही असार ३ गते अभियानकर्मी पक्राउ परेदेखि महासङ्घले गृह मन्त्रालय, राष्ट्रिय सूचना आयोग, राष्ट्रिय मानव अधिकार आयोगलगायत प्रहरी वृत्त बौद्धको ध्यानाकर्षण गराउँदै




आएको थियो ।

बिहीबार महासङ्घले सार्वजनिक कार्यक्रम आयोजना गरी राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त महेन्द्रमान गुरुङ, सूचनाको हकका अभियानकर्मी एवं नेपाल पत्रकार महासङ्घका पूर्वसभापति तारानाथ दाहाल, नेपाल प्रहरीका सहप्रवक्ता विश्व अधिकारी, गैरसरकारी संस्था महासङ्घका अध्यक्ष रामप्रसाद सुवेदीलगायत पक्राउ परेका अभियानकर्मीका परिवारसहित अन्तरक्रिया गरेको थियो । सूचनाको हकको क्षेत्रमा कार्यरत सबैको पहलमा अभियानकर्मी रिहा भएको बताउँदै महासङ्घका अध्यक्ष बागचन्दले गोकर्णेश्वरबाट भ्रष्टाचारविरुद्धको अभियान सुरु गरिने उद्घोष गर्नुभयो । सार्वजनिक महत्वका विषयमा सूचना माग गर्ने अभियानकर्मी नियोजित तवरबाट पक्राउ पर्नुले त्यहाँ अनियमितता धेरै भएको हुनसक्ने भएकाले सूचना माग गरेर प्रमाणमा आधारित भई गोकर्णेश्वरमा भ्रष्टाचार विरोधी अभियान चलाइने उहाँको भनाइ थियो ।

> असार ३ गते चारजना र असार १० गते दुई गरी छजना अभियानकर्मीलाई प्रहरीले नियन्त्रणमा लिई झुटा मुद्दा चलाउन खोजे पनि प्रमाण नपुगेका कारण रिहा गर्न बाध्य भएको महासंघका अध्यक्ष उमिद बागचन्दले राससलाई जानकारी दिनुभयो ।

पारदर्शिता र जवाफदेहिताका लागि सूचनाको हक प्रयोग गरिरहेका अभियानकर्मीलाई झुटा मुद्दाका आधारमा पक्राउ गरेर फसाउन खोजिएबाट गोकर्णेश्वरमा अनियमितताका घटना धेरै हुनसक्ने भएकाले महासङ्घले भ्रष्टाचार विरोधी अभियान चलाउने वरिष्ठ उपाध्यक्ष ताराबहादुर भण्डारीले बताउनुभयो । यसअघि शुक्रबारै राष्ट्रिय सूचना आयोगका प्रवक्ता कमला ओली थापाले विज्ञप्ति जारी गरी सूचना माग गरेकै कारण सूचनाको हकका अभियानकर्मी पक्राउ गरिनु संविधान र कानुनविपरीत भएको उल्लेख गर्नुभएको थियो ।


आयोगले असार ४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौँलाई लेखेको पत्रको अझै जवाफ नआएको, विज्ञप्तिमा उल्लेख गरेको छ । आयोगले आयुक्त कमला ओली थापा र उपसचिव सुदर्शन ढकाललाई यस घटनाका विषयमा अध्ययन गर्न जिम्मेवारी दिने निर्णय गरेको पनि विज्ञप्तिमा उल्लेख गरिएको छ ।रासस

# विषादीमा कर वृद्धि गरेको विरोधमा दुई दिन पसल बन्दको आह्वान

**टुडे समाचारदाता**

जनकपुरधाम । बालीनालीमा प्रयोग हुने विषादीमा मुल्य अभिवृद्धि कर वृद्धि गरेको विरोधमा विषादी व्यवसायी संघले दुई पसल वन्दको आह्वान गरेको छ ।

संघले शुक्रबार विज्ञप्ती जारी गर्दै सरकारले जवरजस्ती कर वृद्धि गरि पेशालाईनै धरापमा पार्ने कोशिश गरिएको विरोधमा शुक्रबार र शनिबार दुई दिन पसल वन्द गरि सरकारविरुद्ध विरोध प्रर्दशन गर्न आह्वान गरेको छ। जारी विज्ञप्तीमा उल्लेख अनुसार सरकारले भरखरै प्रस्तुत गरेको बजेटमा कृषि बालीनालीमा प्रयोग हुने सम्पूर्ण विषादीहरुमा मुल्य अभिवृद्धि कर लागु गरिएको र यस सन्दर्भमा


PESTICIDE ENTREPRENUERS ASSOCIATION NEPAL (PEAN)
विषादी व्यवसायी संघ नेपाल

प्रधानमन्त्री र अर्थमन्त्रीसंग भेट गरि मुल्य अभिवृद्धि कर हटाईदिन विन्तीपत्र दिएर अनुरोध गर्दा सकारात्मक जवाफ पाउदा पाउदै दुवै संसदबाट विन्तीपत्रको अटर गरि निर्णय पास गरिएको उल्लेख छ। जीवनाशक विषादी ऐन २०७६ अन्तरगत हालै मन्त्री परिषदबाट पास गरिउको जीवनाशक विषादी नियमावलीमा विषदी पञ्जिकरण शुल्कमा पाँचसय देखि एक हजार प्रतिसत सम्म प्लाण्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्रले एकलौटी निर्णय गरि विषादी व्यवसायी लगायत नेपाली किसानहरुमाथि ज्यादती थोपार्ने र कृषि पेशमा आवद्धलाई धरापमा पार्ने कार्य गरिएकोले विरोध गर्न वाध्य भएको जारी विज्ञप्तीमा उल्लेख छ ।

जारी विज्ञप्तीमा माग पुरा नभएसम्म विभिन्न चरणमा विरोधको कार्यक्रम व्यक्त गर्न समाजिक संजाल,पत्रपत्रिका र संचार माध्यमको प्रयोग गरी आफनो विरोध कार्यक्रम प्रस्तुत गर्न व्यवसायीहरुलाई अनुरोध गरिएको छ ।

# प्रधानमन्त्रीलाई मधेशी आयोगको पत्र : नियुक्तीमा समावेशिता देखिएन

**टुडे समाचारदाता**

काठमाण्डु । मधेशी आयोगले प्रधानमन्त्रीलाई सरकार द्वारा विगतमा गरिएका नियुक्तिहरुमा समानुपातिक समावेशिता नदेखिएको भन्दै पत्र पठाएको छ ।

आयोगका अध्यक्ष डा.विजयकुमार दत्तले शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाललाई एक पत्र लेख्दै नेपालको संविधान २०७२ को प्रस्तावना तथा विभिन्न धाराहरुमा समानुपातिक समावेशिता तथा समनाताको बारेमा उल्लेख भएपनि व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकामा सो को कार्यन्वयनको अवस्था निकै कम्जोर देखिएको उल्लेख गरेका छन् ।

सो पत्रमा विगत केही वर्ष देखि राज्यको विभिन्न अंगहरु जस्तै कुटनीतिक नियोग, संवैधानिक निकाय आदिहरुमा हुने नियुक्तिमा मधेशी समुदायको शुन्य प्रतिशत उपस्थिति देखिएकोले आयोगको गम्भीर ध्यानकर्षण भएको बताइएको छ। यसरी राज्यको विभिन्न महत्वपूर्ण निकायहरुमा हुने नियुक्तिमा समानुपातिक समावेशिताको सिद्धान्त पालना नभएको विषय निकै चिन्ताजनक भएको समेत पत्रमा उल्लेख गरिएको छ । रासस

# हतारमा तत्काल पार्टी र वाम एकता हुँदैन : प्रधानमन्त्री दाहाल

चितवन । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले हतारमा तत्काल वामपन्थी एकता र पार्टी एकता गर्ने पक्षमा नरहेको बताउनुभएको छ । शुक्रबार सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै उहाँले बिगतमा जस्तो दुर्घटना नहोस् भन्ने सोचेर मात्र अघि बढ्ने बताउनुभयो ।

"पार्टी एकता वा वाम एकताभन्दा पनि राजनैतिक स्थायित्व र लोकतन्त्रको सुदृढीकरणलाई बढी जोड दिँदै जाने र राम्रो सहकार्य गरी अघि बढेर जनताले देख्ने गरी काम गर्छौं", प्रधानमन्त्री दाहालले भन्नुभयो । पहिलाको जसरी दुर्घटना हुने गरी वाम एकता नहुने उल्लेख गर्दै उहाँले सतर्कताका साथ आफूहरु अगाडि बढेको बताउनुभयो ।



प्रधानमन्त्री दाहालले अहिलेको परिस्थितिअनुसार सरकारले मेहनत गरेर काम गरिरहेको बताउनुभयो । मन्त्रालयका आ-आफ्ना जटिलता रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो- "जनतालाई प्रत्यक्ष अनुभूति गर्ने गरी परिणाम देखिनुपर्छ ।" समग्रमा अहिलेको परिस्थिति जस्तो छ त्यही अनुसार सरकारले गर्न सक्ने काम मेहनत गरेर गरिरहको उहाँको भनाइ थियो ।

कृषकले पाउनुपर्ने दूधको भुक्तानीका सरकारले पहल गरिरहेको प्रधानमन्त्री दाहालले बताउनुभयो । कृषकका समस्या समाधान गर्न सरकारले गम्भीर भएर काम गरिरहेको उहाँको भनाइ थियो । धान रोप्ने समयमा किसानलाई मल अभाव नहुने उहाँले बताउनुभयो ।रासस

## एसिया-प्यासिफिक र सार्कले बालबालिकाका क्षेत्रमा सहकार्य गर्ने

काठमाण्डु । दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) र एसिया प्यासिफिक जोइनिङ फोर्सेस (एजेएफ)ले सार्क क्षेत्रका बालबालिकाको अधिकार र कल्याणको क्षेत्रमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

यहाँ आयोजित 'सार्क क्षेत्रका बालबालिकाको अधिकार' विषयक अन्तरक्रियामा सार्क र एजेएफले बालबालिका र युवाहरुको अधिकार र कल्याणका लागि विभिन्न विषयमा छलफल गर्दै उक्त प्रतिवद्धता जनाएका हुन् । बालबालिकाविरुद्धको हुने हिंसा, बाल विवाह, जलवायु परिवर्तनले बालबालिकामा पारेका असरलगायत विषयमा छलफल गरी बालबालिकाको अधिकार सुनिश्चित गरी विद्यमान चुनौती संयुक्तरुपमा समाधान गर्दै जानेमा सबै एकजुट भएको अन्तरक्रियामा सहभागी प्लान इन्टरनेशनल नेपालका राष्ट्रिय निर्देशक राम किशनले बताउनुभयो ।रासस

# प्राकृतिक विपद्बाट बच्न समयमै तयारी थाल्न आग्रह

काठमाण्डु । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा नेपाली कांग्रेसका मोहनबहादुर बस्नेत बर्सेनि बाढी, पहिरो र डुबानबाट ठूलो जनधनको क्षति हुने गरेको उल्लेख गर्दै समयमै यसको तयारी थाल्न सरकारसँग आग्रह गर्नुभएको छ ।

शुक्रबारको बैठकको विशेष समयमा उहाँले प्राकृतिक विपद्बाट हरेक वर्ष क्षति हुने गरेको तर समयमै आवश्यक तयारी नगर्दा ठूलो क्षति व्यहोर्नु परेको बताउनुभयो । सांसद बस्नेतले कार्यविधिका कारण एकै व्यक्तिलाई भूकम्प र बाढी पहिरोको अलगअलग राहत वितरण गर्न कठिनाइ देखिएको बताउनुभयो ।

उहाँले दूध व्यवसायी किसानका समस्याका बारेमा सरकारको ध्यानाकर्षण गराउँदै यथाशीघ्र समस्या समाधान गर्न आग्रह गर्नुभयो । सांसद बस्नेतले सहकारीमा निमुखा आर्थिकरुपमा



विपन्न गरिब जनताको अर्बौं रकम अपचलन भएको भन्दै छानविन समितिलाई चाँडो निष्कर्षमा पुर्याउन आग्रह गर्नुभयो ।

उहाँले फरक प्रसङ्गमा टेरामक्स प्रविधि टेलिफोनमा गैरकानुनी धन्दा गर्नेलाई नियन्त्रण गर्ने विधि भएको बताउँदै यसले राज्यको वार्षिक रु २५ अर्ब घोटाला हुनबाट जोगिने उल्लेख गर्नुभयो । आफूले ठूलो आट गरेर सुरु गरेको यो प्रविधिलाई रोक्न र भाँड्न केही तत्व सक्रिय रहेको जानकारी गराउँदै यो प्रविधिलाई लागू गर्नसके राज्यको ठूलो राजस्व जोगिने उहाँको भनाइ छ ।

बैठकमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत माओवादी) का लेखनाथ दाहालले वर्षायामको सुरुआतमै ठूलो जनधनको क्षति भएको बताउँदै उद्धार र राहतमा सरकारले प्रभावकारीरुपमा काम गर्ने अपेक्षा गर्नुभयो ।रासस


# 'जबज नेपाली क्रान्तिलाई बाटो देखाउने सिद्धान्त'

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले जनताको बहुदलीय जनवाद (जबज) नेपाली क्रान्तिलाई बाटो देखाउने सिद्धान्तका रुपमा रहेको बताउनुभएको छ ।

मदन भण्डारी फाउन्डेसनले शुक्रबार ललितपुरको च्यासलस्थित एमाले पार्टी कार्यालयमा आयोजना गरेको 'मदन भण्डारी राष्ट्रिय पुरस्कार तथा जबजः राजनीतिक विकास र स्थायित्व' विषयक विचार गोष्ठीमा उहाँले देशको आवश्यकता र अति जरुरी सिद्धान्तका रुपमा जबज रहेको बताउनुएको हो ।

जबजले अहिले पनि मार्गदर्शन गरिरहेको भन्दै पार्टीले अहिले जबजलाई प्रभावकारी रुपमा अघि बढाइरहेको उहाँको भनाइ छ । उहाँले देश, जनताको समस्या समाधानप्रति जबज प्रतिबद्ध रहेको धारणा राख्नुभयो । अध्यक्ष ओलीले जनताका हितलाई सुनिश्चित गर्ने अनुकूल परिस्थिति प्रदान गर्ने प्रयास नै जबज रहेको बताउनुभयो ।

मदन भण्डारीको अगुवाइमा एमालेले जबज प्रतिपादन गरेको उल्लेख गर्दै जबज सङ्घर्षको अनुभवबाट निस्केको निष्कर्ष रहेको उहाँको धारणा थियो । देशको राजनीति र विकासको अवस्थालाई उन्नत स्थितिमा पुऱ्याउन, आधुनिकतालाई उन्नत आधुनिकीकरणमा पुऱ्याउन, अर्थतन्त्रलाई



माथिल्लो स्तरमा लैजान र शासक प्रशासकलाई उच्चस्तर बनाउने काम जबजले गरेको उहाँको जिकिर थियो ।

उहाँले भन्नुभयो, "हाम्रो समाजमा रहेका विकृति-विसङ्गतिलाई हटाउँदै सुन्दर, समानतायुक्त, न्याययुक्त समाज, सांस्कृतिक हिसाबले उन्नत र सुसंस्कृत, मानवीय समाजमा लैजाने भन्ने कुरा जबजमा छ ।" उहाँले नेपालको भूराजनीतिक विषयमा दुई ठूला मित्र राष्ट्रसँगको सम्बन्धलाई सदुपयोग गर्नुपर्ने धारणा राख्नुभयो ।

"हाम्रो मित्र हुन् भन्ने ठानेर हामीले हाम्रो रुचिका विषयबारे खुलस्त कुरा गर्नुपर्दछ," उहाँले भन्नुभयो, "हाम्रो रुचि यो हो हाम्रो जायज माग यो हो भनेर कुरा गर्नुपर्दछ र हामी यस्तो धारणा राख्दछौँ, हाम्रो कुरा सही छ भनेर भन्नुपर्दछ ।" फाउन्डेशनका अध्यक्ष महेन्द्रबहादुर पाण्डेले जबजलाई कम्युनिष्ट पार्टीको राजनीतिक सिद्धान्तका रुपमा विकास गर्न आवश्यक रहेको बताउनुभयो । उक्त कार्यक्रममा अध्यक्ष ओली, उपाध्यक्ष विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेललगायत पार्टीका शीर्षनेताहरुले मदन भण्डारीको तस्बिरमा माल्यार्पण गर्नुभएको थियो । सोही कार्यक्रममा अध्यक्ष ओलीले फाउन्डेसनले प्रकाशित गरेको 'दिशाबोध' नामक पुस्तकको विमोचन गर्नुभएको थियो ।

मदन भण्डारी पुरस्कार कञ्चनजङ्गा चिया बगान तथा अनुसन्धान केन्द्रलाई

मदन भण्डारी राष्ट्रिय पुरस्कार-२०८० पाँचथरको कञ्चनजङ्गा चिया बगान तथा अनुसन्धान केन्द्रलाई प्रदान गरिएको छ । अध्यक्ष ओलीले केन्द्रलाई नगद रु एक लाखसहित पुरस्कृत गर्नुभएको हो। स्थानीय कच्चापदार्थको प्रयोगका आधारमा रोजगारी सृजना गरी आयात तथा निर्यात प्रवर्द्धन गरी राष्ट्रिय अर्थतन्त्रलाई टेवा दिएकाले पुरस्कार प्रदान गरिएको हो ।

२०६८ सालदेखि हरेक वर्ष फाउन्डेसनले मदन भण्डारी राष्ट्रिय पुरस्कार प्रदान गर्दै आइरहेको छ ।रासस


## श्री गुठी संस्थान
शाखा कार्यालय, जनकपुरधाम

### गुठी तैनाथी जग्गासम्बन्धी बोलपत्र आव्हान गरिएको 30 (तिस) दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मितिः२०८१।०३।१५

यस संस्थानको पूर्ण स्वामित्वमा रहेको .ज.उ.म.न.पा वडा नं.१२ सिट नं.१४३६-०३ कि.नं.९ को क्षेत्रफल १-१७-१४-१ सहितका विभिन्न १३ कित्ताको क्षेत्रफल १८-१-०-० गुठी तैनाथी जग्गा ५(पाँच) बर्षका लागि बाली ठेक्का न्यूनतम प्रति कठ्ठा न्यूनतम २ (दुई) मनमा व्यबस्था गर्नुपर्ने भएकोले इच्छुक ब्यक्ति, संघ संस्था वा कम्पनीहरुबाट बोलपत्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र फाराम रु.३०००।-(तिन हजार) मात्र नगद बुझाई पछि फिर्ता नहुने गरी यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले ३०औं दिन सम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।
२. सूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजे भित्र आफूले लिन चाहेको दर उल्लेख गरी लाह छाप सहितको सिलबन्दी गोप्य बोलपत्र फाराम यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।दर्ता भएको गोप्य बोलपत्रहरु सोही दिनको २:०० बजे खोलिनेछ ।
३. अन्य थप जानकारी प्राप्त गर्नु परेमा यस कार्यालयमा सम्पर्क सकिने छ । सम्पर्क नं.०४१-५९०२८१



आयो करे यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/३/२१ गते शुक्रवार ५ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि हैं ।

विशेष यात्रा सेवा । शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्ग्रा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस ।



टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे ।






प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। SEE पास भएको छोरा ।।

हिजो SEE को रिजल्ट आएछ
रमेश ७५% ल्याई पास भएछ घरमा
आएर बुवा लाई भनेछ बुवा म त
क्भ्भ मा ७५% ल्याई पास भएछुनी ?
बुवा खुशी हुदै रमेशकी आमा
लाई भनेछ ए रमेशकी आमा हेरन
हाम्रो छोरा SEE मा राम्रो अंक
ल्याई पास भएछ। रमेशकी
आमा खुशी हुदै भने छ खोई
मेरो छोराको रिजल्ट म पनि
हेरौं त ? एतिकै मा छोरा रमेश
ले भनेछ बुवा आमा त अंण पढ छ
कसरी आमा मेरो रिजल्ट हेर्छ ?
अतिकै मा रमेशको बुवाले भनेछ
हो छोरा तेरि आमा अंण पढ़ छ
किन कि तिम्री आमा को विवाह
कम उमेरमा भएको थियो र तिमी
आमाको गर्भमा हुदा मैलै तेरि
आमा लाई भनेको थियो कि तिम्रो
कम उमेरमा बचाभयो त्यो फालि
देउ तर तिम्री आमा ले मानेन बाबू
हो तिम्री आमा अंणपढ हो किन
की तिमी जन्मिदा तिमी लाई
सैहार सुसार गर्ने तिमी लाई अलिकति
विसंञ्चो हुदा तिम्री आमा ओ
डाक्टर त्यो डाक्टर झाक्रीहरु
कहाँ तिमी लाई लिएर जान्थे र
जब तिमी निको नहुदा तिम्री
आमा खाना पिना सबै त्यागीन्थे बावू।
हो तेरो आमा अंण पढ़छ बाबू
जब तिमी स्कूल जाने भयो तिम्रो
आमा ले तिम्रो लागि सबेरै खाना
बनाएर तिमी लाई ख्वाएर स्कूल
सम्म पुर्याउन जान्थे र तिमी लाई
कति खेर छुट्टी हुन्छ भने घड़ी हेरथे र
तिमी लाई स्कूल ल्उन जान्थे तिम्री
आमा अंण पढ़ हो बाबू।
जब कोई संग तिम्रो झगड़ा हुदा
तिम्री आमा ति संग लडन जान्थे
तिम्री आमा अंण पढ़ हो बाबू
जब तिमी लाई कपड़ा धुन आउदैन
थियो कपड़ा लाउन आउदैन
थियो त्यती खेर तिम्रो सैहारसुसार
गरेर कपड़ा धोएर सफासुघर
बनाउ थियो तिमी लाई तिम्री
आमा अंण पढ़ हो बाबू जब
तिमी कतै जान्थियो र समयमा
आउदैन थियो तिम्री आमा तिमी
लाई कुरेर बसेको हुन्थियो तिम्रो
आमा अंण पढ़ हो बाबू।
यो सबै कुरा सुनेर रमेशको आखा
भरि आँसू आयो र बुवा लाई
भनियो बाबू म त जाबो SEE ७५% ल्याछु
तर मेरी आमा त सय मा सय % ल्याकी
छन बुवा मम्मी मलाई माफ गरि
दिनु होला मेरो लागि हजुरले गरेको
मेहनत डिग्री भन्दा कम छैन।



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार, दोहा कतार**

---

कनिया मिलल हाइफाइ रौ मीता
बात-बात पर करै लडाइँ रौ मीता
ककरा कहि कें पतिऔउतै पीडा
नित नैहर'क करे बडाई रौ मीता
पीज्जा बडगर के अछि सौखिन
लाखक लाख महिने खाई रौ मीता
दान-दहेज मे भेटल नै फुटल कौरी
चाहिँ सोना चानी आ पाई रौ मीता
नोर बहैए ठोर सुखैए देखिक हुँन्का
सच कनिया भेटलौ कसाइ रौ मीता



**उदगार यादब,**
**सिरसिया-६**

## ।। नेपालमा भ्रष्टाचार ।।

भ्रष्टाचार नेपालको राजनीतिक, सामाजिक, र आर्थिक जीवनमा एक महत्वपूर्ण समस्या हो। यो समस्या देशको प्रगति र विकासमा बाधाको कारण बनेको छ। नेपालमा भृष्टाचारले सरकारी निकाय, न्याय प्रणाली, तथा लोकतान्त्रिक प्रक्रियामा गहिरो प्रभाव गर्दछ।

सरकारी निकायहरूमा राजा, ब्रिभिङ, तथा प्रकृतिक संसाधनहरूको अवशेषीकरणमा भृष्टाचारको साथै, न्याय प्रणालीमा पनि यसको प्रभाव स्पष्ट देखिन्छ। न्याय प्रणालीमा रकम रकमको प्रवाह, अपराधिक संगठनहरूसँगको सम्बन्ध, र अदालती कामका लागि ब्रिभिङको शासन हुन सक्छ।

भृष्टाचारले सामाजिक विभेद, असमानता, र दुर्व्यवहार जस्ता समस्याहरू पनि उत्पन्न गर्दछ। यसले गरीब र असहयोगी व्यक्तिहरूलाई अधिक पीडित बनाउँछ र उनीहरूले अपराधिक संरचनाहरूमा फसिन्छन्।

नेपालमा भृष्टाचारको उन्मूलनका लागि सकारात्मक कदमहरूको आवश्यकता छ। सरकारी निकायहरूमा पारदर्शिता, शासन लागू गर्ने कानूनको पालना, र जनताको सशक्तिकरण गर्ने कार्यक्रमहरू संचालन गर्नै पर्छ। नेपालमा समृद्धि र विकासका लागि, भृष्टाचार विरुद्धको सजीव लडाई अत्यन्त आवश्यक छ।



**लेखक: सुशान्त अभिषेक**
**ठेगाना:जनकपुर धाम-४ धनुषा,नेपाल**

## ।। म फेल भए ।।

म फेल भए
फेल हुनैको कारण
जेल गए!
पुलिसले अपराधीलाई
हथकडी लगाएर लाने जेल हैन
बाँ-आमाको नजरबाट बन्द हुने
नजरबन्दको जेल भए
किनकी अपराधी म पनि थिएँ
अपराध म पनि गरे थिएँ
कुनै आफ्ना र आफन्तसँग हैन
शब्दसँग खेलबाड गरे थिएँ
कलमसित विवाद गरे थिएँ
समयको बर्बाद गरे थिएँ।
न म सम्झौता गर्न लायककै रहे
न त सम्झाउन लायक नै
किनकी म फेल थिएँ
शब्दलाई उल्टो पारेर
अघिको पछि पछिको अघि सारेर
जथाभावी अर्थ बनाईदिन्थे
कलमको मसीलाई कापीमा पोखेर
पास हुने सरू्यालाई मनमा जोखेर
आजसम्म पास हुन्थे
शब्दलाई बाङ्गो टिङ्गो दौडाईदिन्थे
किताबबाट बुझ्नै नसक्ने साध्यहरु मेटाईदिन्थे
त्यसैले म फेल भए
फेल हुनैको कारण
जेल गए!
गृहकार्य धेरै भएर अनेकौं बहाना बनाउँथे
र विद्यालयमा पेट दुख्ने,टाउको दुख्ने
भनेर अनुपस्थित जनाउँथे
गृहकार्य धेरै दिएर हैन,नबनाएर भाको हो
गुरुले देखाउँ भन्दा,कापी भुलेरै आको हो
युद्ध गर्न जाँदा हतियार घरमै छोडेर गाको हो
यो भन्दा पहिले फेल भा'थिएन
त्यसैले केही था'थिएन।
अब बल्ल सुध्रिने बाटो हिँड्दै छु
सहीलाई सही गलतलाई गलत भने बुझ्दै छु
अब बल्ल थाहा भो फेल पनि हुँदो'रैछ
गलतलाई गलत सहीलाई सही भन्ने कोइ त ज्यूँदो'रैछ
यी फेलले मलाई थरिथरिका पाठ पढायो
किताबमा कहिल्यै नपाउने जीवन एकसाथ सिकायो
यो भन्दा पहिले फेल भा'थिएन
त्यसैले केही था'थिएन।



**लेखक : धिरज महतो**
**ठेगाना : कमला न.पा.-७,हथमुण्डा**

## ।। वर्षा ।।

सुनिन्छ एक गड्याङगुडुङ स्वर , जब बादल कराउन थाल्छ
त्रासले थर्किएर त्यो आशमान , अनि बल्ल वर्षा गराउँछ ।।
वर्षातको आगमनले लुटि जान्छ , मनमोहक वसन्तलाई कोकिल सित
हाँस्छन् वन र बगैंचाका रूखहरू , अमृत रसले पुरै हरियाली भएर ।।
सुकेको नदी अनि खोला भिजेर , समुन्द्र भेटको निधोमा रहन्छ
असारे मासको महिमा सँगै , किसानको जाँगर ताजा बन्छ ।।
सौन्दर्यमय वर्षातको प्रतीक्षा लागि , हुरी आँधीलाई सहनुपर्छ
झरेका थोपहरुका मिलनले ,चारैतिर माया प्रेमको रङ्ग भर्छ ।।
उडेर चङ्गा सागर माथि, पानी पार्न इन्द्रलाई गर्छ आह्वान
वर्षातको घारीमा खेत र मौसम सित सर्वोपरि रमाउँछ किसान ।।
वर्षा बनेर आउँछ उपहार अनमोल , यो सारा संसार निम्ति
कयौ रात र दिनको पर्खाइ पछि ,भेटाउँछ यो मेरो नौलो जीवन
जहाँ रमिता नहुन कसैको मनले मान्दैन
सिमसिम पानीका दानाहरु झर्दैछन् आजको बर्सात ।।



**नाम : नरेन्द्र नाथ साह ( रिसु )**
**ठेगाना : औरहि गा. पा. - ०३ कपटौल**
**अध्यनरत : मोडल मल्टिपल कलेज जनकपुर**
**( बाणिज्य संकाई विद्यार्थी )**

## ।। माया को चिनो ।।

माया को चिनो, अमूल्य रत्न, हृदयको गहिराईमा बस्छ,
अनन्त प्रेमको धरोहर, जो कहिल्यै नटुट्ने बतास्।
मायाको चिनो, एक हाँसो, मिठो यादको सुवास्,
जीवनको हर मोडमा, जोसँगै रहिरहन्छ खास्।
प्रियको एक सानो पत्र, प्रेमले भरिएको शब्दहरू,
मनको कोमल भावनामा, लेखिएको मीठो शब्दहरू।
मायाको चिनो, साथसंगै, दुख-सुखमा दियो होस्,
अविचल प्रेमको सम्बल, जो कहिल्यै नबुझ्ने रोज।
यो चिनो अमर रहोस्, हृदयमा बसेको रहर,
माया को चिनो, अमूल्य रत्न, जीवनको सुन्दर सफर।



**लेखक:रशमी दनुवार**
**कानेपोखरी, मोरङ्ग, नेपाल**

## ।। जिनगी जान ।।

हम नै मानैछी भगवान के
तैयो माथा झुइक जाइछै मठ मन्दिर देखते मातर
हम नै पूजा करब सैतानी आत्मा के
तैयो पतियाई परैछै भूत प्रेत है यी दुनिया मे
धामी कहत तोरा भूत लागल हौ
वैध डाक्टर कहत अहाँके रोग लागल हइ
भैर दुनिया मे कमाउ त खाउ
नै त माँइग चाँइग क लाउ
कैला त पापी पेट के सवाल छै
व्यापार करब उधारी मे फैंस जाएब वृद्धि नै होइत
नोकरी करवाला से हो चाकरी करैया
व्यस्त है नेता धनिकाहा के बात बुझमे
पुँजीवादी दुनियामे गरिब केत जिना मुस्किल भगेल
विदेश जाइय कर्जा कके महाजन से ब्याज सुइध बुझाइते फुर्सद नै है
कनी मनी बचल ढौवा घर अइबते सैठ गेल फेरु जेहने के तेहने
नेता के यी अखाडा देश मठ मन्दिर के चढावा जाइया महन्त के जेबी मे
गरिबक के जिनगी जान है तब धनीकहाँ के पहिचान बनल है
गरिब सब बिलखैय धनीकहाँ सब चुस्की लैया
गरिब के गरिबी के शोषण करैया ओकरा आगु नै होइ दैया
जे हो दु धुर रहैया उ हो धनकाहा सब आपना नाम प लिखालैया
हमरा आहा के सोच रहक चाहिँ गरिबी हटाओ
तब प्रगति के और देश जाइत लेकिन
पुँजीवादी लोक के सोच रही या गरिबको सताओ गुलामी के दासत्व मे राखो
भोट माग खनी गरिब जनता के मुख प मुर्गा भात देत
भोट भेला के बाद मे गरिब के फाटल कुर्तो नै नेता देत
सबके जिन्दगी सबरङ्ग प्रेमता के रास्ता होबक चाहिँ सबके संग
गरिब के बहुबेटी के उरहइर गेल के इल्जाम देत
धनीकहा सब कहत हमरा के त लभ कलेलक
इ शब्द के बाण है मन के शान छै
अन्तर गरिब आ धनिक के
करम करस कोही पाछा नै हटैइछै
मुआब्जा के अन्तर घात भजाई छै
यी भरी दुनिया मे गरिब के सहारा दिउ
आ धनी के मनसा बुझु
हम आहा सब पार्टी के सदस्य आ चन्दा दिएला तयार छि
लेकिन गरिब के सहारा दिएला नसकार छि
हम नै मानेछी भगवान के
भइयो तैयो माथा झुइक जाइया मठमन्दिर देखते मातर



**प्रमोद राम**
**जनकपुर धाम ९**

## ।। आजको दिन ।।

आजको दिन झरीले नुहायो,
सूर्यको किरणले बिदा लिएर,
मूसलधारे पानीको गीतमा,
हरियालीले हर्षित छायो।
बारीमा धानका बाला मुन्ट्याइँदै,
पानीको स्पर्शले खुसीले नाच्दै,
फूलका थुँगामा थोपाहरु चम्किए,
धर्तीको काखमा प्रेमले फुल्दै।
हावा पनि झूम्यो गहिरो शीतल,
माटोको सुगन्धले भरियो मनको बगैंचा,
पानीका धारा झरनामा परिणत,
प्रकृतिको यो काव्य, अनुपम सुन्दर।
पानीका भाका, बादलको स्वर,
मिलेर गाए, आजको दिनको चर्चा,
रमाउँदै खेले बालबालिका,
झरीको रोमाञ्चक संसारमा।
आजको दिन, झरीले सिँगारिएको,
प्रकृतिले रचेको अनुपम काव्य,
आफ्नो सुन्दरतामा मस्त,
जीवनको अमूल्य क्षणमा बाँधिएको।



**लेखक विवेक साह**
**जनकपुरधाम ४ डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ (५ सेमेस्टर)**

## ।। प्रेरणा ।।

म गाँउको केटा सपनाको सहर कहिले
हेरेको हईन म आफ्नो आमाको माया
हेरेको अरुको छाया हेरेको हईन
म संघर्षको बाटो हेरेको मजंमअसतिको
दिन हेरेको हईन
म गाँउको केटा सपनाको सहर कहिले
हेरेको हईन !
म आफ्नो बुबाको रुपमा भगवानलाई
हेरेको त्यो पत्थरको मूर्तिमा हेरेको हईन
म यो धरति मा स्वँग हेरेको मृत्यु पछि
हेरेको हईन
म गाँउको केटा सपनाको सहर कहिले
हेरेको हईन !
म आफ्नो भाईको यारि हेरेको केटाको
झुन्डको सबारि हेरेको हईन
म आफ्नो बुबा को रुपमा भगवानलाई हेरेको त्यो पत्थरको
मूर्तिमा हेरेको हईन !



**लेखक मनिष नायक( सोनु )**
**ठेगाना जनकपुर ११ कुर्था**

## ।। ब्याचलर पढिरहेको विद्यार्थी म ।।

देश हाम्रो नेपाल हो
सफलताको बाटो मात्र शिक्षा जो।
शिक्षा पनि छैन आसान
आमाबुबा छ जसको किसान।
जसरी भए गरिन्छ शिक्षाको उपाय
शिक्षा पश्चात पनि छैन यहाँ युवाको कमाई।
बसेर गर्छन् के युवाहरु यस्तो देशमा
छन् जहाँ नेताहरु चोरको भेषमा।
युवा त गए नै गए खाडी मुलुक श्रमिकको काममा
विधार्थीहरु पनि गईहाले विदेश पढाईको नाममा
गएनन् विधार्थीहरु पढाईको मानसिकताले।
डरिहाले उनिहरु पनि नेपालमा पेट नभर्नुको वास्तविकताले।
देशबाहिर पढ्न जानु पनि छैन आसान
त्यसको लागि पनि लाग्छ ठूलो रकम र पहिचान।
विदेशमा गएर गर्नु नै पर्छ आधि दिन काम
किनकी गर्नुपर्ने हुन्छ धनीको रकम ब्याजसहित प्रदान।
जसलाई पैसा उपाय भइँदैन
उसबाट पढ्न विदेश गइँदैन।
अन्त्यमा बाँच्यो देशमा बस्ने विधार्थी
जस्को पनि छ अलगै पिडा र कहानी।
सानैदेखि मायागरि पढाईयो मलाई प्यारले
ठुलो भई सहारा बन्छु बाआमाको त्यही विचारले
यतिदिन पढेर पनि मेरो ब्याचलर नै चलिरहेछ
अर्कोतर्फ बाआमाको उमेर पनि ढलिरहेछ।
छु म घरको एक्लो छोरो
अनि बाआमाको एकमात्र आश।
मलाई नै गर्नु पर्नेछ उनले हेरेको सपना पुरो
किनकी छैन आम्दानी बाआमाको बढि खास।
तर छ यो बाध्यता मेरो
गर्न सक्दिन अहिले उनको इच्छा जो पुरो।
जागिर गरु त पढाईमा ब्याक लाग्छ
पढाईमा ध्यान दिऊ त घरको अर्थावस्थाले चोट पुर्याउँछ।
साथिहरु छन् धेरै मेरो वरिपरि
सोध्छन घुम्न जानलाई ठाउँ थरिथरि।
घुम्न जानुको त मन रुचाउँछ
घरमा पैसा मांगु त उमेर बिचमा आउँछ।
ब्याचलर त गरिहाल्छु मिहिनेत गरि पास
देशमा जागिर नभेट्दा हिड्नुपर्छ खाडी गर्न कामको तलास।
अन्त्यमा सरकारसँग छ एकमात्र उजुरी
विकासको लागि युवालाई देशमै राख्नु छ जरुरी।
अब त लाग्छ मलाई कहानी नै सकियो
ऐनामा हेर्छु मेरो मुहार छैन हसिलो।
साथिभाई भन्छन अब देशलाई छोडिदेन्
तर मन परेको फूल हुन्छ सुकेपनि रसिलो।



**लेखक: सोनु कुमार यादव (राज)**
**ठेगाना:पो.सँग्रामपुर, सम्सी-५, महोत्तरी**
**कक्षा:१२, मोडल मल्टिपल कलेज(वाणिज्य संकाय विधार्थी)**

## ।। हुनुभएन ।।

स्वार्थनिहित आश हुनुभएन।
मन नित्य निराश हुनुभएन ।।
नयन यद्यपि अश्रुमहासागर।
तनको रत्ती प्यास हुनुभएन ।।
प्रेमदीप स्वयम् प्रज्ज्वलित।
हुरी वतास सास हुनुभएन ।।
क्रान्तिको अर्थ पुनर्निर्माण।
मोहमायामा नाश हुनुभएन ।।
भाग्यभर सदैव कर्म निर्भर।
भ्रम बुद्धिमा बास हुनुभएन ।।
शक्ति भन्दा युक्ति सर्वोत्कृष्ट।
रणमा जीवितलास हुनुभएन ।।



**लेखक: राम मण्डल**
**ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१, सिनुरजोडा**
**धनुषा, नेपाल।**

## ।। सफलता।।

असफल छु, त्यसैले त एक्लो छु। सफल भाको
भए मेरो नि रिस्ते नातेदार हुन्थियो होला।
आहिले त यस्तै हो जिन्दगी एक दिन त
अवश्य भगवान को आशीर्वाद लाग्छ होला।
मो सफल भाको भए मेरो आमा बुवा
कति खुसी हनुहुन्थ्यो होला, ।
यो सपना हैन साँचो हो कति असफल हुन्छ
एक न एक दिन त सफल हुन्छ होला।
मेरो आफन्त लाई मैले गरे को विश्वास
आदर र मायाको कदर त होला।
सबैलाई मेरो हार को प्रतीक्षा छ तर मेरो सफलताले
सबैको मन मा झार दिन्छु आगो को गोला।
आज चेल सबै जना बोल्छन मो सँग झरकेर
आहिले मेरो समय नराम्रो छ, केहि दिन
को कुरा हो मेरो नी राम्रो दिन आउँछ फर्केर,
जसलाई जे सोच्नु छ सोचोस् यो त उसको
इच्छा मा छ,सबै जना मेरो हार को लागि कुरी
रा को छ, तर टेन्सन न लेउ जीत नै मेरो प्रतिक्षा मा छ।



**लेखन रोहन भुजेल**
**जनकपुरधाम -७**
**रा.रा.ब छात्र (२०८० ) बि एड फर्स्ट ऐयर**

# मदन भण्डारीको विचारलाई जनजनमा लैजानुपर्ने महासचिव पोखरेलको भनाइ



भक्तपुर । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले मदन भण्डारीको विचारलाई जनजनमा लैजानुपर्ने बताउनुभएको छ ।

स्वं भण्डारीको ७२औँ जन्मजयन्तीको अवसरमा एमाले भक्तपुर जिल्ला कमिटीले शुक्रबार नखेलस्थित नवदुर्गा सामुदायिक वन परिषद्मा आयोजना गरेको वृक्षरोपण कार्यक्रममा उहाँले भण्डारीले देश र जनताको लागि लिएको नीतिलाई आत्मसात् गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।एमालेभित्र पलाएको गलत जीवनशैली, आनीबानी, आचरण र व्यवहारलाई सुधार्दै पार्टीलाई एकताबद्ध बनाउन जरुरी रहेको भन्दै महासचिव पोखरेलले देशलाई समाजवादमा प्रवेश गराइ समृद्ध नेपाल, सुखी नेपालीको परिकल्पना साकार बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

एमालेकापोलिटब्युरो सदस्य एवं पूर्वमन्त्री महेश बस्नेतले स्व भण्डारीका विचारलाई अनुसरण गरी एमालेलाई थप एकतावद्ध बनाउँदै लैजानुपर्ने बताउनुभयो ।एमाले भक्तपुरका अध्यक्ष वचन देउजालगायतले मदन भण्डारीको योगदान र विचारको सान्दर्भिकताबारे धारणा राख्नुभएको थियो ।रासस

# स्वास्थ्य मन्त्रालयद्वारा औषधि उद्योगको अध्ययन गर्न समिति गठन



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले औषधि तथा औषधि उद्योगको गुणस्तरका सम्बन्धमा अनुगमन गर्न समिति गठन गरेको छ । स्वास्थ्यमन्त्री प्रदीप यावदले मन्त्रिस्तरीय निर्णय गर्दै मन्त्रालयका अतिरिक्त सचिव डा विकास देवकोटाको संयोजकत्वमा समिति गठन गर्नुभएको हो ।

समितिले औषधिको गुणस्तरको अनुगमन गर्नुका साथै औषधि उद्योग, फार्मेसी, औषधिसँग सम्बन्धित निकायको सञ्चालनको अवस्था, सेवा प्रवाह, क्षमता, सञ्चालन प्रक्रिया र मापदण्डको बारेमा अध्ययन गर्ने मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो । औषधिको गुणस्तर, समस्या र चुनौतीलगायत विषयको पनि स्थलगत अध्ययन गरिने उहाँको भनाइ छ ।

मन्त्रालयका प्रवक्ता डा बुढाथोकीका अनुसार समितिले दुई साताभित्र प्रतिवेदन मन्त्रालयमा पेस गर्नेछ । समितिका सदस्यमा औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकाल, राष्ट्रिय औषधि प्रयोगशालाका प्रतिनिधि, फार्मेसी काउन्सिलका प्रतिनिधि, अनुगमन हुने जिल्लाको जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, अनुगमन हुने जिल्लाको औषधि व्यवस्था विभागको कार्यालय प्रमुख रहनुभएका छन् ।रासस

# मदन भण्डारी ७३औँ जन्मजयन्ती मदन भण्डारीसँग बितेका ती रोमाञ्चक पल



काठमाण्डु । विसं २०४६ भदौको एक दिन सुनकोशी छापाखानाबाट दृष्टि साप्ताहिकका सम्पादक तथा कविनारायण ढकाल अफगानिस्तान जाने भन्दै अकस्मात् हराउनुभयो । लामो समय पत्तो भएन । खासमा उहाँ सिराहा जानुभएको रहेछ । एकदिन आउनुभयो र धारावाहिक लेख्न थाल्नुभयो, "नेकपा मालेको चौथो महाधिवेशनबाट नयाँ नेतृत्व छानिएको ।" त्यसपछि क्रमशः लेखहरु आउन थाले राजमोति र अभिमन्युको नाममा । त्यति नै बेला सामाजिक साम्राज्यवादी भन्ने गरिएको सोभियत सङ्घलाई नयाँ शिराबाट हेर्ने दृष्टिकोणबारे विक्रम नेपाली (गोपाल शाक्य समूह) बाट बहस छेडिन थाल्यो । त्यतिखेर रसियन कम्युनिष्ट पार्टीका महासचिव मिखाइल गोर्वाचेभको पेरेस्त्रोइका र ग्लास्तनोस्तवाला उदारवादी हावा उत्कर्षमा थियो ।

त्यसैगरी चीनको तियानमेन चोकलाई पनि स्वतन्त्रता र प्रजातन्त्रका नाममा विद्यार्थीहरुको धर्नाले तनाव थप्दै थियो । हाम्रो टिमका अग्रज रघु पन्तलाई समेत चीनको तरङ्गले नछुने कुरै भएन । त्यसैले उहाँ त्यस्तै स्वतन्त्रताको पक्षमा लेख्न थाल्नुभयो । यसरी पार्टीको आधिकारिक पत्रिका "दृष्टि" पार्टी लाइनभन्दा अलि बाहिर जाने हो कि भन्ने त्रास उत्पन्न भयो । र, दृष्टिभित्रकै यौटा टिम नवयुग नामक बुलेटिन निकाल्ने काममा खटियो । त्यसमा पर्दा पछाडिबाट संलग्न हुनुहुँदोरहेछ, मदन भण्डारी । नवयुग त निकाल्यौँ भूमिगत रुपमा तर बजारमा लान र प्रशासनको आँखामा वैधानिकताको धुलो छ्याप्न सम्पादक, प्रकाशकको नाम राख्नैपर्थ्यो । त्यसैले नेकपा मालेको सर्ट फर्म "नेत्र कमल पाठक, मानेडाँडा लेकथुम" भन्ने नाम र थरसहित जुराएर नक्कली काम गरियो । फागुन ७ देखि त जनआन्दोलन शुरु भैहाल्यो ।

विसं २०४६ को परिवर्तनलगत्तै मदन भण्डारी एकदिन सुनकोशी छापाखाना, कालीमाटीको दृष्टि कार्यालयमा खुसुक्क प्रकट हुनुभयो । त्यतिबेलासम्म हामीले उहाँलाई मदन भण्डारी नै हो भनेर चिनिसकेका थिएनौं । मोटोमोटो ज्यान, हँसिलो, मीठो बोल्ने, त्यस्तो पात्रलाई हामीले पार्टीको ठूलै नेता भनेर अनुमान त लगायौँ तर महासचिव नै भनेर खुलिसक्नुभएको थिएन । पार्टी प्रवक्ताको रुपमा उहाँका बोली र व्यवहारबाट हामी प्रभावित नहुने कुरा भएन । कति नै थिए र ! त्योबेला पार्टी निकट पत्रकार र पार्टीका आफ्ना अखबार । सङ्कटको घडीमा काँध थाप्ने गरी प्रकट हुने बफादार, अनुशासित बुध्दिजीवी र कलमजीवी सिपाहीहरु !

एक नम्बर वरियताको नेता भैकन पनि सबैसङ्ग बस्ने, खाने, मन माइने, घमण्ड नगर्ने, ठूलो नपल्टिने, राम्रो लवाइखुवाइ नगर्ने मानिसलाई प्रवक्ताको रुपमा छेउमै पाउनु सात सय रुपैयाँ तलबको भरमा काम गर्ने हाम्रा निम्ति गर्वको विषय थियो । विद्यार्थी राजनीति गर्ने, त्यहाँबाट बचेको समय पत्रकारितामा पनि लगाउने काममा खटिएका हामीलाई सरल र सहज नेताको साथ पाउँदा कम्युनिष्ट आदर्श भनेको यस्तो हुनुपर्छ भन्ने लाग्ने नै भयो । सुनिरहुँ जस्तो लाग्ने, संस्कृत र उर्दूमा झर्रो नेपाली मिसिएको त्यस्तो बोलीको धनी मदन भण्डारी आएर सुनकोशी छापाखानामा हामीलाई ऊर्जा दिइरहनुभयो ।

पछि पो चिन्यौँ, यतिञ्जेल हामीसँग रम्ने उहाँ पार्टीको महासचिव नै हुनुहुँदो रहेछ । अब विदेशीहरुसँग भेटघाट बाक्लिन थाले । त्यससँगै बागबजारमा पार्टी कार्यालय खुल्यो । त्यहाँ हाम्रो पनि जाने-आउने क्रम चल्ने नै भयो । दृष्टिको तत्कालीन व्यवस्थापनमा अनुशासन र मितव्ययिता भन्दै टिमको खाजा कटौती गरेर श्रमजीवी क्याडरलाई काममा लगाउने तर पार्टीको नेताहरुलाई भने सँस्थाको खर्चबाट ओभरकोटसमेत किनिदिने साथीहरु पनि हुनुहुन्थ्यो तर हामीले यसमा कुनै गुनासो गरेनौँ । किनभने थाहा थियो, हामी जे गर्दैछौँ, पार्टीको लागि गर्दैछौं र यहाँ मदन भण्डारीजस्तो नेता पनि हुनुहुन्छ जो सादगीमा विश्वास गर्नुहुन्छ र सामूहिकतामा रमाउनुहुन्छ । त्यसबाट गुनासो उठ्न स्वतः नपाउने नै भयो । शीर्ष नेतृत्व गुणी हुँदा या पार्टीको इञ्जिन दहे भैदिँदा रेलका डब्बाहरु ऊर्जारुपी कोइला कम भए पनि छुकछुक गतिमा लिक नछाडी कुदिरहे जस्तै कार्यकर्तालाई प्रेरणा जाग्ने यो मीठो भोगाइ हो मेरो जीवनको ।

एक दिनको सम्झना छ, मदनले भिजिटिङ कार्ड बनाउनुपर्‍यो भन्नुभएको । नक्सालमा डेरा थियो उहाँको । सायद हामी प्रेससँग सम्बद्ध रहेको र त्यो पनि पार्टीकै छापाखाना भएको हुनाले अखबार छपाइसहित दुबै काम एक ठाउँबाट हुने गर्छ भन्ने लागेको थियो होला उहाँलाई । त्यसैले भिजिटिङ कार्ड बनाइदिन आग्रह गर्नुभएको । तर सुनकोशी छापाखानाको व्यवस्थापक त उत्तम महत हुनुहुन्थ्यो । पैसाको मामिलामा उत्तिकै कडा उहाँले त्यत्तिकै किन छाप्न मान्नुहुन्थ्यो र ? जीवनमा मलाई अफसोच यही छ कि, मैले मदन कमरेडलाई त्यहीबेला उहाँको चाहनाअनुसार भिजिटिङ कार्ड छापेर दिन सकिन, न त मेरो सीमा र बाध्यता नै बताउन सकेँ । तर, पनि सधैँ उहाँको प्रिय भइरहेँ भन्ने कुरामा अझै पनि गर्व गर्दछु । उहाँले आशालाग्दो, भर्खर उदाएको पत्रकार हो, यसलाई उठाउनुपर्छ भनेरै मलाई नयाँ दिल्ली लिएर जानुभयो भने राजेन्द्र स्थापितलाई कलकत्ता लानुभयो । पश्चिम बङ्गालका मुख्यमन्त्री ज्योति बसुसँगको भेटघाट, विनोद मिश्रसँगको छलफल र भाकपा माले (लिबरेशन) को कलकत्ताको ब्रिगेड मैदानमा आयोजित आमसभालगायतका कार्यक्रमहरुमा सरिक गराउनुभयो ।

म भाकपा मार्क्सवादीका महासचिव हरकिसनसिंह सुरजितलगायत भाकपा मालेकै दिल्लीस्थित हेडक्वार्टरको भ्रमण, कम्बोडियन र भियतनामी दूतावासमा राजनीतिक मामिला हेर्ने अफिसरहरुसँगको भेटघाटमा पनि सरिक भएँ । झिल्लुप्रसाद तिवारी, केशवलाल श्रेष्ठसँगै हुनुहुन्थ्यो । पुरानो दिल्लीको एउटा धर्मशालामा बास बसेको, सँगै सादगी भोजन गरेको, हाइफाइवाला होटेल, वातानुकुलित गाडी र स्वादिलो खाना नखोजेको-मदनको त्यस्तो सादगी जीवनको सम्झना छ मसँग ।

त्यसरी फर्केपछि पाँचौं महाधिवेशनको चटारो र टनकपुर (महाकाली) सन्धिको उत्कर्षबीच कञ्चनपुर गएको, जुलुसमा सामेल भएको र टनकपुर बाँधको निरीक्षण गरेको, दाङ हुँदै फर्केको याद पनि ताजा छ । त्यतिखेर पार्टीमा अलिकति फरक मत प्रकट भइसकेको स्थिति थियो । अशोक राई, सिपी मैनालीहरुको एउटा धार थियो । अशोक राई र मदन पूर्वमा पनि सँगै काम गर्नु भएको हुनाले एकै ठाउँमा हुनुहोला भन्ने त लाग्थ्यो तर उहाँहरुको बीचमा लाइनको हिसाबले फरकपना आइसकेको रहेछ । त्यसैले अशोक राई फरक कित्तातिर हुँदाखेरि उत्साहसँगै गाडीमा लिएर आउने कि नआउने भन्ने कुरा पनि अलिअलि विवाद हुँदा मदनले हैन, त्यसो नगरौँ भनेर सँगै हिँडाउनुभएको क्षण झल्झली सम्झिरहन्छु ।

पाँचौं महाधिवेशनको बेला प्रचारको क्रममा हामी जुटेको, खुलेको पनि सम्झना छ । प्रज्ञा भवनभित्र महाधिवेशनको हलमा रघु पन्त सामाजिक जनवादको लाइन लिएर आउनुभएको थियो तर आफ्नो एक भोट पनि नहालिकन राति नै निस्केर घर जानुभयो । सिपी मैनाली, मोहनचन्द्र अधिकारी, सानु श्रेष्ठ (पूर्व बाग्मती प्रदेश सभामुख) लगायत एउटा पङ्क्ति मदनको लाइनको विपक्षमा थियो भने पूर्व महासचिव झलनाथ खनाल बहुदलीय जनवादलाई "दक्ष प्रजापतिको टाउको" भनिराख्नुहुन्थ्यो ।

यही सेरोफेरोमा मदनले बहुदलीय जनवादबारे ब्याख्यासहित दृष्टिलाई एउटा अन्तर्वार्ता दिनुभयो । मैले नै लिएको अन्तर्वार्ता हो त्यो । मेरो अडियो उतारपछि आफैँले आएर त्यसमा सामान्य करेक्सन गर्नुभयो र बेलुका फोन गरेर जहाँ जहाँ बहुदलीय जनवाद छ, त्यसको अगाडि ' जनताको' शब्द थप्न लगाउनुभयो । मैले भीमसेन राजवाहकलाई सिसाको अक्षरमा एक एक शब्द टिप्दै तयार पार्न लगाएको "कालीदासको क नपढी जनताको बहुदलीय जनवाद बुझिन्न" शीर्षकको त्यो अन्तर्वार्ता प्रकाशन गरेको आजैजस्तो लाग्छ ।

पार्टीको आधिकारिक पूर्वप्रकाशन भइकन पनि 'प्रकाश साप्ताहिक' महाधिवेशनताका सिपी मैनाली निकट भएर छापिन थाल्यो । र, मदनले नै आफ्नो अन्तर्वार्ता दृष्टि र दृष्टिको सहप्रकाशन सूर्य मासिकमा प्रकाशन हुने तयारीका वीच मोहनचन्द्र अधिकारी र सिपी मैनालीको पनि विचार लिएर सँगै छाप्नुहोला है, यसो गर्दा सन्तुलन रहन्छ, पेशागत मर्यादा देखिन्छ, एकपक्षीय छैन भन्ने पनि पुष्टि हुन्छ भन्दै निर्देशन दिनुभयो, जुन मैले कहिल्यै नबिर्सने प्रसङ्ग हो । विजय सैँजु र मैले नै हो नक्सालको डेरामा उहाँले घाम ताप्दै, दृष्टि पढ्दै गरेको, खैरो कोट र कालो टोपीमा सजिएको तस्बिर खिचेको, जुन फोटो अहिले पनि प्रयोग हुन्छ बेला बेला ।

संयोगवश २०५० को वैशाखतिर उहाँ चीन जाने कुरा चल्यो । त्यतिबेला चिनियाँ कम्युनिस्ट पार्टीको चौथो वरियता क्रममा हुनुहुन्थ्यो हु चिन्ताओ, पछि राष्ट्रपति र महासचिव उहाँसँग पनि भेट गर्ने कार्यक्रम बन्यो । अमृत बोहरा, सानु मिश्र, हरि पाण्डे, माधवकुमार नेपाल, केपी ओली, मुकुन्द न्यौपाने, बाचस्पति देवकोटा, योगेन्द्र साहलगायतको टिम छनोट हुँदाखेरि मदनले पत्रकारको तर्फबाट मलाई पनि राख्नुभएको थियो । तर पछि के कारणले हो, म त्यसमा परिनँ । उताबाट खबर भने आइराख्थे फोनमा, हामी न्युज टिप्थ्यौँ, लेख्थ्यौँ र देशवासीलाई सुसूचित गर्थ्यौँ । अहिलेजस्तो इमेल, फेसबुकको जमाना कहाँ थियो र ! जहाँ कहीँबाट फ्याट्ट 'सेण्ड या पोस्ट' गर्नलाई ।

उताबाट फर्केपछि पोखरा हुँदै चितवन जाने कुरा थियो । जेठ १ गते उहाँ पोखरा जानु अगाडि बेलुका टेलिफोनमा अन्तिम संवाद भयो । उताबाट समाचार कसरी पठाउने त भन्ने कुरा उठ्दा उहाँले ड्राइभर अमर लामाले कार्यक्रम अवधिभरसँगै बसेर त्यसको टिपोट गर्ने र पछि फोनमा टिपाउने, अनि मैले त्यसआधारमा समाचार बनाउने भन्ने सहमति भएको थियो ।तर, अफसोच अमर लामाबाट आउने भनिएका महासचिव र सङ्गठन विभाग प्रमुख जीवराज आश्रितका गतिविधिसम्बन्धी समाचार जेठ ३ गते दिउँसो दासढुङ्गाबाट अर्कै रुपमा, प्रधान सेनापति गडुल समशेरका मुखबाट सुन्नुपर्‍यो । त्यसपछिका प्रसङ्गहरु त सबैसामु छर्लङ्गै छन् ।

उहाँ पिलग्रिम्स बुकस्टोरमा यस्तो किताब पाइन्छ, न्यूयोर्क टाइम्समा यस्तो सामग्री छापिएको छ, खोजेर ल्याइदिनु भन्नुहुन्थ्यो । ती आग्रहको लिखत मसँग सुरक्षित छ । उहाँले भनेका प्रायः सबै कामहरु इमानका साथ र मनैदेखि कार्यान्वयन गर्न सकभर कोशिस गरेँजस्तो लाग्छ । एउटै गुनासो छ, त्यो भिजिटिङ कार्ड बनाएर लगिदिन सकिन । कारक र कारण जेसुकै होस्, यत्ति जिम्मेवारी पूरा गर्न नसकेकामा चाहिँ मलाई खेद छ, दुःख छ । घरिघरि लाग्छ, त्यति सानो काम पनि किन गर्न सकिन होला ?रासस

# 'संसद्मा राजनीतिक हावी हुँदा अरु विषय ओझेलमा'



काठमाण्डु । राष्ट्रियसभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समितिकी सभापति कमला पन्तले संसद्मा राजनीतिक विषय मात्र हावी हुँदा अरु विषय प्राथमिकतामा पर्न नसकेको बताउनुभएको छ ।

अन्तर्राष्ट्रिय संसद् दिवसका अवसरमा आयोजना गरिएको 'संसद् र प्रतिनिधित्वको सवाल अन्तर संवाद' मा धारणा राख्दै सभापति पन्तले सांसदहरुको प्रतिनिधित्व कमजोर भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "संसद् आलोचनात्मक हुन सकेन । छलफल विशेषगरी राजनीतिक विषयमा मात्र केन्द्रित भएको छ । सामाजिक विषयमा छलफल हुन सकेको छैन । सांसदहरुले बोलेका कुरा पनि राज्यले सुनेको छैन । मुद्दाहरु सम्बोधन हुन राजनीतिक प्रतिबद्धता आवश्यक पर्दछ ।"

सभापति पन्तले अपाङ्गता र सहभागिताको सवालमा सबै एकजुट हुनुपर्नेमा जोड दिँदै आएको बताउँदै दलित, पछाडि परेका वर्गको विषयलाई सम्बोधन गर्न विशेष समिति बनाइएको बताउनुभयो । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय क्षेत्रका अभियन्ता एवं पूर्वसांसद सुनीलबाबु पन्तले उठाउनुभएको लैङ्गिक अल्पसङ्ख्यकका थुप्रै मुद्दाहरुको उठान हुन बाँकी रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "निजामतीमा हामीलाई आरक्षण वा प्राथमिकता छैन । हाम्रो मुद्दाहरु उठाउन सधै प्रयत्नरत छौँ । यसमा सबैले एकजुट भएर सहकार्य गर्न जरुरी छ ।"

नेपाल अपाङ्ग महिला सङ्घकी महासचिव देवकुमारी पराजुलीले सांसदहरुले अपाङ्गताका विषयमा संसद्मा छलफल भइरहे पनि सम्बोधन हुन नसकेको गुनासो गर्नुभयो । उहाँले आफूले अपाङ्गताका मुद्दा संसद्मा उठाइदिन पटकपटक आग्रह गरिरहेको बताउनुभयो ।

राष्ट्रिय दलित पत्रकार सङ्घका अध्यक्ष एवं पूर्वसांसद विनोद पहाडीले संसद्मा दलितहरुको प्रतिनिधित्व घट्दै गएसँगै उनीहरुको मुद्दाको उठान पनि घट्दै गइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "विषयवस्तुमा अभिरुचि देखिँदैन । संसद्लाई साझा मञ्च बनाएर सांसदहरु जानुपर्छ । अनि मात्र दलितहरुको प्रतिनिधित्व हुन सक्छ । दलित, महिला, सिमान्तकृत समस्याका बारेमा सम्बोधन हुन सकेका छैनन् ।"

पत्रकार बिनु सुवेदीले संसद्मा 'महिला र सिमान्तकृत विषयमा प्रस्तुतीकरण' गर्दै अरु देशको तुलनामा सहभागिता हेर्दा नेपाल उल्लेख्य देखिए पनि विषयवस्तु उठान र सम्बोधन पूर्णरुपमा हुन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "संसद् प्रतिनिधित्वको हिसाबले घटेको छ भने विचारको हिसाबले पनि घट्दै गएको छ । संसद् प्रश्नविहीन नबनेर सबैका मुद्दामा छलफल हुनु पर्दछ ।"

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम( युनएनडिपी) नेपालका लागि उपआवासीय प्रतिनिधि जुलियन चेभिलर्डले नेपालमा भएको बहुआयामिक प्रतिनिधित्वलाई हेर्ने हो भने सहभागिता सन्तोषजनक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "विश्वका कतिपय मुलुकमा योभन्दा अझै नराम्रो स्थिति पनि छ, त्यसैले नेपालले ऐतिहासिकरुपमा हासिल गरेको सफलतालाई हामीले उपलब्धिकारुपमा लिनुपर्दछ । अझै कसरी समावेशी बनाउन सकिन्छ भन्ने विषयमा सामूहिक छलफल गरी योजना बनाउनुपर्छ ।"

नर्वेजियन दूतावासका कन्सुलर अनिला खानले समावेशीताका क्षेत्रमा नेपाल सरकारसँग लामो समयदेखि सहकार्य गर्दै आएको बताउँदै भन्नुभयो, "युएनडिपीसँग सहकार्य गर्दै प्रदेश तथा सङ्घीय संसद्को क्षमता विकासका क्षेत्रमा काम गर्दै आएको छौँ । खास गरी महिला र सिमान्तकृत सांसदहरुको क्षमता विकास गर्दै प्रतिनिधित्व र समावेशीकरणलाई प्रवर्द्धन गर्नेतर्फ कार्यक्रम सञ्चालन गर्दै आइरहेका छौँ ।"

प्रतिनिधिसभा सांसदहरु तारा लामा, उर्मिला माझी, गोमा लाभ(सापकोटा), गङ्गाराम चौधरी डंगौरा, अमृतलाल राजवंशीले आगामी दिनमा महिला, दलित, अपाङ्गतालगायतका विषयमा आफ्नो धारणा संसद्मा राख्ने प्रतिबद्धता जनाउनुभयो ।रासस

# प्रतिनिधिसभामा जलस्रोत विधेयक पेस



काठमाण्डु । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा जलस्रोत विधेयक-२०८१ पेस गरिएको छ।ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सभामा विधेयक प्रस्तुत गर्नुभएको हो।

मन्त्री शर्माले जलस्रोत क्षेत्र र सोसम्बन्धी कानुनको सुधार तथा परिमार्जन गर्ने विषय सरकारको उच्च प्राथमिकतामा रहेको बताउनुभयो । "जलस्रोत क्षेत्रको विकासमा जलस्रोत ऐन २०४९ उल्लेखनीय कानुनको रुपमा रहेको छ, हाल सरकारले पेश गरेको ऐनको कार्यान्वयनपश्चात् जलस्रोत विकास एवं व्यवस्थापन गर्ने कार्य एवं प्रक्रियालाई सुदृढ तथा आधुनिकीकरण गर्न सघाउ पुग्नेछ", मन्त्री शर्माले भन्नुभयो, "जलस्रोतको उपयोग, विकास र संरक्षणमार्फत समग्र राष्ट्रको विकासमा बहुआयामिक सोचमार्फत जलस्रोतको उत्पादकत्व वृद्धि गर्न यस ऐनको महत्वपूर्ण भूमिका रहने विश्वास लिएका छौँ ।"

प्रतिनिधिसभाको अर्को बैठक यही असार १६ गते आइतबार दिनको ३ बजे बस्नेछ ।रासस


**Madhesh Provincial Government**

**Ministry of Health and Population**

**Province Health Logistic Management Centre**

**Madhesh Province**

**Janakpur, Nepal**

**Notice of Intention to Award**

**Date of Notice: 29thJune, 2024 (15thAsadh, 2081)**

Pursuant to clause 27 (2) and 47 (3) of Public Procurement Act 2063, this is to notify all the bidders that the following substantially responsive lowest bidders have been selected to award the contract as per the Invitation for Bids published on National News Paper PHLMC, Janakpur Madhesh province intends to award the contracts to the same.


| S. N. | IFB no | Name of Successful Bidder | Total Amount NPR (Inclusive of VAT) |
|---|---|---|---|
| 1 | Procurement & Delivery of Physiotherapy Equipment (MP/PHLMC/NCB/GOODS-23/2080-81) | Samsunesha Traders; Chapkaiya Parsa | 41,66,310 |

**The Director**

# बाइडेन र ट्रम्पबीच नीतिभन्दा आरोप प्रत्यारोप बढी

एएफपी

एटलान्टा । अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पसँग बिहीबार भएको तातो बहसमा ह्वाइट हाउसमा दोस्रो कार्यकालका लागि आफू निकै बूढो नभएको पुष्टि गर्न डेमोर्क्र्याटिक नेता जो बाइडेनलाई हम्मेहम्मे पऱ्यो । बहसका क्रममा व्यक्तिगत अपमानसहितका आरोपका कारण राष्ट्रपति बाइडेन बहसको सुरूतिर निकै अकमकाउनुभएको देखिन्थ्यो ।



ट्रम्पले आफ्ना उत्तराधिकारीलाई अर्थतन्त्र र विश्व मञ्चमा असफल भएको आरोप लगाउनुभएको थियो । नेता बाइडेनले जवाफी प्रहार गर्न खोज्नुभयो तर उहाँको प्रस्तुती डगमगाइरहेको थियो किनकि रिपब्लिकन नेता ट्रम्पले चर्को र छिटो आवाजमा व्यक्तिगत अपमानसहितका आरोप लगाउनुभएको थियो ।

प्रतिउत्तरका लागि बाइडेनले केहीबेर अकमकाउनुभएको थियो। तयारीका लागि एक हप्ता एकान्तमा बिताएपछि भएको बहस प्रदर्शनले राष्ट्रपति बाइडेनको डेमोक्र्याटिक पार्टीभित्र नयाँ चिन्ता पैदा गरेको थियो किनभने सर्वेक्षणहरूले ट्रम्पलाई नोभेम्बरको चुनावको लागि बराबरी वा अगाडि देखाएको छ ।राष्ट्रपति र पूर्व राष्ट्रपतिबीच भएको यो पहिलो बहस थियो र दुवैले एकअर्कालाई इतिहासकै सबैभन्दा खराब भएको आरोप लगाएका थिए ।

ट्रम्प र बाइडन, जो पहिलो पटक निर्वाचित हुँदा सबैभन्दा वृद्ध राष्ट्रपति थिए, उनीहरूले एक अर्कालाई बच्चाजस्तो भएको आरोप समेत लगाए ।एटलान्टास्थित सीएनएनको मुख्यालयमा ८१ वर्षीय बाइडेन र ७८ वर्षीय ट्रम्पले हात मिलाएका थिएनन् । त्यहाँ प्रत्यक्ष श्रोताहरू थिएनन् र अन्यले बोल्दा उनीहरूको माइक्रोफोनलाई आवाजविहीन (म्युट) गरिएको थियो।

बाइडेनले ट्रम्पलाई ह्वाइट हाउसमा दोषी ठहरिएका पहिलो अपराधी हुने भन्दै लाखौं टेलिभिजन दर्शकसामु सम्झाउने प्रयास गर्नुभएको थियो। बाइडेनले भन्नुभयो, "तपाईंसँग 'गल्लीको बिराला' को जस्तो नैतिकता छ।"ऱ्याली र रियलिटी टेलिभिजन सोमा काम गरेका ट्रम्पले बाइडेनको रेकर्डबारे गुनासोको लामो फेहरिस्त नियाल्दै चर्को स्वरमा भन्नुभयो, "म धेरै मानिसहरूसँग साथी हुँ । संयुक्त राज्य अमेरिकाको हालत के भएको छ भनेर उनीहरूले विश्वास गर्न सक्दैनन् । अब हामी सम्मानित छैनौं ।"

> ट्रम्प र बाइडनबीच गर्भपतन र आप्रवासनका विषयमा पनि विवाद भएको थियो । बाइडेनले सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त गरेको प्रसङ्गमा ट्रम्पको आलोचना गर्दै भन्नुभयो, "यो भयानक कुरा हो, तपाईंले जे गर्नुभयो, त्यो भयानक कुरा थियो ।

ट्रम्पले बाइडनको डेलिभरीलाई समात्ने प्रयास गर्दै बहसको क्रममा बोलेको शब्दहरूमाथि व्यङ्ग्य गर्दै भन्नुभयो, "वास्तवमा वाक्यको अन्त्यमा के भन्नुभयो मैले बुझ्न सकिन । सायद, उहाँलाई पनि त्यो वाक्यको अन्त्यमा के भन्नुभएको थियो भन्ने जानकारी छैन होला ।

**- सुस्त सुरुवात -**

बहसपछि खाना लिन जाँदै गर्दा वाफल हाउस रेस्टुरेन्टमा रोकेर बाइडेनले पत्रकारसँग भन्नुभयो, "मेरो घाँटी दुखेको थियो, तर मलाई लाग्छ हामीले पहिलो कार्यकालमा राम्रो गरेका छौं ।"बाइडेनको पहिलो कार्यकालका समय ह्वाइट हाउस स्पष्ट रूपमा क्षति नियन्त्रण गर्ने मोडमा थियो ।

उपराष्ट्रपति कमला ह्यारिसले सीएनएनलाई दिएको प्रत्यक्ष अन्तर्वार्तामा बाइडेनको रेकर्ड 'असाधारण रूपमा बलियो' भएको बताउनुभएको छ । ह्यारिसले भन्नुभयो, "हो, सुरुआत सुस्त थियो, तर सशक्त अन्त्य भएको छ ।"बाइडेनका पूर्वसञ्चार निर्देशक केट बेडिङफिल्डले सीएनएनसँग कुरा गर्दै राष्ट्रपतिका लागि यो निकै निराशाजनक साँझ भएको बताउनुभएको छ। "यसलाई कम गर्ने अर्को कुनै तरिका छ भन्ने मलाई लाग्दैन," उहाँले भन्नुभयो ।

सीएनएनको एक सर्वेक्षणले बहसमा सहभागीमध्ये ६७ प्रतिशतले बहसमा ट्रम्पले जितेको बताएका छन् ।डेमोर्क्र्याटहरूले अगस्टमा सिकागोमा बाइडेनलाई आफ्नो उम्मेदवारको रूपमा औपचारिक रूपमा घोषणा गर्ने तयारी गरेका छन्। राष्ट्रपति स्वयंले फिर्ता उम्मेदवारी नलिएसम्म मार्ग परिवर्तन गर्ने कुनै उपायछैन।प्रिन्सटनविश्वविद्यालयका इतिहासकार जुलियन जेलिजरले बहसको प्रस्तुतिबाट बाइडेनका समर्थकहरू निकै चिन्तित हुने बताउनुभएको छ।

प्रिन्सटन विश्वविद्यालयका इतिहासकार जुलियन जेलिजरले बाइडेनका समर्थकहरू निकै चिन्तित हुने बताएका छन् । "बाइडनले आधारभूत धारणालाई बढावा दिनुभएको छ यसले उहाँलाई ओझेलमा पारिरहेको छ," उहाँले भन्नुभयो । सान फ्रान्सिस्कोमा आयोजित 'वाच पार्टी'मा हेजल रिट्जले "उनले भनेको एक शब्द पनि म बुझ्न सक्दिनँ । के यो दुःखद होइन र?" अझै पनि उहाँले बाइडेनलाई मतदान गर्ने बताउनुभएको छ।

**- नितान्त व्यक्तिगत आरोप प्रत्यारोप -**

कुनै पनि उम्मेदवारले नयाँ नीतिहरू राखेनन्, अधिकांश भनाइहरू एकअर्काले गरेका खराब प्रदर्शनबारे गरिएका आपसी आलोचनामा सीमित थिए ।बाइडेनले व्यक्तिगत क्षणमा ट्रम्पले नोर्मान्डी अवतरणमा मारिएका सैनिकलाई 'सकर' को संज्ञा दिएको र इराकमा सेवा गरेका र पछि क्यान्सरका कारण मृत्यु भएका आफ्नै छोरा ब्यूलाई उल्लेख गरेको उल्लेख गर्नुभएको थियो ।

बाइडनले भन्नुभयो, "मेरो छोरो हारेको थिएन, मूर्ख पनि थिएन । बरू तपाईंलाई यो भन्न सुहाँउँछ । तपाईं 'हरूवा' हो ।" ट्रम्पले उक्त टिप्पणीको खण्डन गर्दै बाइडेनलाई सुसंगत नभएको आरोप लगाउनुभएको थियो । विदेश नीतिका विषयमा बाइडनले इजरायललाई समर्थन गरेको भन्दै डेमोक्र्याटिक पार्टीका केही सदस्यबाट आलोचना खेपिरहेका बाइडेनलेहमासविरुद्धकोकारबाहीका सन्दर्भमा इजरायललाई सहयोग नगरेको आरोप लगाउनुभयो ।

पूर्व राष्ट्रपति ट्रम्पले भन्नुभयो, "बाइडेन त्यसो गर्न चाहनुहुन्न । उहाँ प्यालेस्टिनी जस्तै बन्नुभएको छ। तर उनीहरूले पनि उहाँलाई मन पराउँदैनन् किनभने उहाँ धेरै खराब प्यालेस्टिनी हसनुहुन्छ । कमजोर हुनुहुन्छ।"ट्रम्पले अफगानिस्तानबाट अमेरिकी सेनाको बहिर्गमनलाई बाइडेनले गरेको 'अमेरिकी इतिहासको सबैभन्दा लज्जाजनक क्षण' भन्दै यसले रूसलाई युक्रेनमाथि आक्रमण गर्न प्रोत्साहित गरेको बताउनुभएको थियो । विदेशमा कुनै पनि सैनिक जोखिममा नपरेको उल्लेख गर्दै बाइडेनले यस्तो नीतिका लागि आफू पहिलो सफल राष्ट्रपति भएको दावी गर्नुभयो ।

ट्रम्प र बाइडनबीच गर्भपतन र आप्रवासनका विषयमा पनि विवाद भएको थियो । बाइडेनले सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त गरेको प्रसङ्गमा ट्रम्पको आलोचना गर्दै भन्नुभयो, "यो भयानक कुरा हो, तपाईंले जे गर्नुभयो, त्यो भयानक कुरा थियो । अमेरिकी नागरिकले यसलाई बिर्सिने छैनन् ।

"मञ्चमा उपस्थित नहुनेमा चार वटा राष्ट्रिय चुनावमा सीएनएनको १५ प्रतिशत पुग्ने थ्रेसहोल्ड पूरा गर्न असफल एक उम्मेदवार संस्थापन विरोधी अभियन्ता रोबर्ट एफ केनेडी जुनियर हुन्हुन्थ्यो । केनेडीले ९० मिनेट लाइभस्ट्रिममा प्रश्न लिएर बिताउनुभएको थियो।

# टि-२० विश्वकपमा भारत फाइनलमा प्रवेश



काठमाण्डु । इङ्ल्याण्डलाई पराजित गर्दै भारत आइसिसी टि-२० विश्वकप २०२४ को फाइनलमा प्रवेश गरेको छ।

गुयनामा गए राति सम्पन्न दोस्रो सेमिफाइनल खेलमा इङ्ल्याण्डलाई ६८ रनले हराउँदै भारत विश्वकपको फाइनमा पुगेको हो। यससँगै अब भारतले उपाधिका लागि दक्षिणअफ्रिकासँग खेल्नेछ। फाइनल खेल भने शनिबार राति हुनेछ। यसअघि भएको पहिलो सेमिफाइन खेलमा दक्षिणअफ्रिकाले अफगानिस्तानलाई नौ विकेटले हराउँदै विश्वकपको फाइनलमा पुगेको हो।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार खेलमा टस हारेर पहिला ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ७२ रनको लक्ष्य प्रस्तुत गरेको थियो। जवाफमा इङ्ल्याण्ड १६ दशमालव चार ओभरमा सबै विकेट गुमाउँदै एक सय तीन रनमा समेटिएको थियो।

इङ्ल्याण्डका लागि ह्यारी ब्रुकले १९ बलमा सर्वाधिक २५ रन बनाएका छन् । त्यस्तै कप्तान जस बट्लरले १५ बलमा २३ रन जोडे। जोफ्रा अर्चरले २१ रन बनाए। बलिङतर्फ भारतका कुलदीप यादव र अक्षरले पटेलले समान तीन-तीन विकेट लिए भने जसप्रित बुमराहले एक विकेट झारे।

भारतको इनिङ्समा कप्तान रोहितले शर्माले सर्वाधिक ५७ रनको योगदान दिए । उनले ३९ बलमा छ चौका र दुई छक्कासहित सर्वाधिक ५७ रन बनाएका हुन्। त्यसैगरी सूर्यकुमार यादवले ४७, हार्दिक पाण्ड्याले २३ र रवीन्द्र जडेजाले १७ रन जोडे । इङ्ल्याण्डका लागि क्रिस जोर्डनले सर्वाधिक तीन विकेट लिएका थिए ।रासस

# पाकिस्तानमा गत आर्थिक वर्षमा मध्यम आर्थिक सुधार

सिन्ह्वा

इस्लामाबाद। पाकिस्तानमा गत आर्थिक वर्ष (सन् २०२३ जुलाईदेखि सन् २०२४ जुनसम्म) मा मध्यम आर्थिक सुधार भएको पाकिस्तानी अर्थ मन्त्रालयले बताएको छ।

पाकिस्तानमा कूल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर दुई दशमलव चार प्रतिशतमा पुगेको छ। यसमा कृषि क्षेत्र छ दशमलव तीन प्रतिशतले तथा उद्योग र सेवा प्रत्येक एक दशमलव दुई प्रतिशतले वृद्धि भएको मन्त्रालयको मासिक आर्थिक दृष्टिकोणमा उल्लेख छ ।गत वर्ष करिब तीन अर्ब ९० करोड डलरको घाटाको तुलनामा सन् २०१८ को जुलाई-मे महिनामा ५० करोड अमेरिकी डलर घाटा रहेकाले चालु खाता मौज्दातमा दिगो सुधार देखिएको छ।

केन्द्रीय बैङ्कको मौद्रिक नीति समितिले यस महिनाको सुरुमा मुद्रास्फीतिको दबाब कम गर्दै आर्थिक वर्षको मध्यम जिडिपी वृद्धिको आधारमा नीति दरलाई एक सय ५० आधार विन्दु (बिपिएस) ले २० दशमलव पाँच प्रतिशतमा झारेको प्रतिवेदनमा उल्लेख छ । "सरकार सम्भावित लगानीकर्ताहरूबाट दीर्घकालीन प्रतिबद्धताहरूलाई प्रोत्साहित गर्न लगानीमैत्री वातावरण सिर्जना गर्न प्रतिबद्ध छ, जुन आर्थिक स्थायित्व कायम गर्न अपरिहार्य छ", प्रतिवेदनमा भनिएको छ।

# गाजाका बासीलाई स्वास्थ्य सेवाको चरम आवश्यकता

सिन्ह्वा

गाजा । गाजा पट्टीको प्यालेस्टिनी तटीय क्षेत्रमा स्वास्थ्य अवस्था बिग्रँदै गएकोले त्यहाँका बासिन्दालाई स्वास्थ्य सेवाको चरम आवश्यकता रहेको संयुक्त राष्ट्रसङ्घ शरणार्थी निकायले जनाएको छ । प्यालेस्टाइन शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय राहत र कार्य निकाय (युएनआरडब्लुए) ले सामाजिक सञ्जाल एक्समा गाजामा थोरै संख्यामा युएनआरडब्लुए स्वास्थ्य केन्द्र मात्र सञ्चालनमा रहेको बताएको छ।



मध्य गाजाको नुसिरातमा टोलीहरूले स्थानीय परिवारको सेवा गर्न जारी राखेपनि औषधि र इन्धनको गम्भीर अभावले जीवन रक्षाको कार्यमा बाधा पुगेको छ ।युएनआरडब्लुएले गाजामा प्यालेस्टिनीलाई फोहोर र ढलले घेरिएको जनाएको छ । "भीडभाड भएको आश्रय, खाना, पानी र इन्धनको अभाव, चिकित्सा आपूर्तिमा न्यूनतम पहुँच र गर्मीका कारण स्वास्थ्य अवस्था बिग्रँदै गएको छ," युएनआरडब्लुएले उल्लेख गरेको छ।

क्यान्सर भएका २१ जना प्यालेस्टिनी बालबालिका बिहीबार विदेश उपचारका लागि केरेम सालोम हुँदै गाजाबाट निस्किए । मे महिनाको सुरुमा रफाह सीमाबाट आवतजावत बन्द भएपछि गाजापट्टीमा रहेका बिरामीहरूले पहिलो पटक गाजा छोडेकोस्वास्थ्य अधिकारीहरूले बताए ।बिरामीहरू बाहिर निस्कन 'गाह्रो र जटिल भएकाले रफाह सीमा पारको विकल्प नभएको गाजा क्षेत्रका अस्पतालहरूका महानिर्देशक मोहम्मद जकाउटले पत्रकार सम्मेलनमा उल्लेख गर्नुभयो।

इजरायलले सन् २०२३ अक्टोबर ७ मा दक्षिणी इजरायली सीमामा हमासले गरेको हिंसा विरुद्ध बदला लिन गाजा पट्टीमा हमास विरुद्ध ठूलो मात्रामा आक्रमण गरिरहेको छ। आक्रमणका कारण करिब एक हजार दुई सय मानिस मारिएका थिए र २०० भन्दा बढीलाई बन्धक बनाइएको थियो ।रासस

# इरानमा राष्ट्रपतीय निर्वाचनका लागि मतदान सुरु

एएफपी

तेहरान। इरानमा गत महिना हेलिकप्टर दुर्घटनामा दिवङ्गत भएका राष्ट्रपति इब्राहिम राइसीको स्थानमा नयाँ नेतृत्व चयनका लागि शुक्रबार विहानैदेखि मतदान सुरू भएको छ ।स्थानीय समयअनुसार बिहान ८ :०० बजे देशभरका ५८ हजार ६४० मतदान केन्द्रमा मतदान सुरु भएको हो।



मतदान केन्द्रहरू १० घण्टाका लागि खुला रहनेछन्, यद्यपि अधिकारीहरूले विगतका चुनावहरूमा जस्तै मतदाताको चाप हेरेर मतदानको समय बढाउन सक्नेछन् ।शनिबार बिहानसम्ममा प्रारम्भिक र आइतबारसम्ममा औपचारिक नतिजा आउने अनुमान गरिएको छ ।मतदानमा करिब छ करोड १० लाख इरानी नागरिक मतदानका लागि योग्य रहेका छन्।

सुधारवादी नेता ६९ वर्षीय मसूद पेजेशकियान विभाजित कन्जरभेटिभ खेमाविरूद्ध सशक्त देखिनुभएको छ। उम्मेदवारहरूको जाँच गर्ने गार्जियन काउन्सिलले उहाँलाई सभामुख मोहम्मद बघेर गालिबाफ र पूर्व आणविक वार्ताकार सइद जलिलीको प्रभुत्व रहेको कन्जरभेटिभको क्षेत्रविरुद्ध लड्न अनुमति दिएको थियो।तेहरानका मेजर अलिरेजा जकानी र रईसीका पूर्व उपराष्ट्रपति अमिर होसेन गाजिजादेह हाशेमीले पनि कट्टरपन्थी संगठनबाट राजीनामा दिएपछि धर्मगुरु मुस्तफा पोरमोहम्मदी पनि विवादमा तानिएका छन्।

इरानका सर्वोच्च नेता अयातुल्लाह अली खामेनीले मतदान सुरु भएलगत्तै मतदान गर्नुभएको छ । "निर्वाचनको दिन हामी इरानीका लागि हर्ष र खुशीको दिन हो," उहाँले टेलिभिजनमा सम्बोधन गर्दै भन्नुभयो। उहाँले भन्नुभयो, "हामी हाम्रा प्रियजनहरूलाई मतदानको मुद्दालाई गम्भीरतापूर्वक लिन र भाग लिन प्रोत्साहित गर्दछौं ।"प्रतिबन्धको चपेटामा परेको इरानमा इस्लामिक गणतन्त्र र यसका कट्टर प्रतिद्वन्द्वी इजरायल र संयुक्त राज्य अमेरिकाबीच गाजा युद्ध जारी रहँदा उच्च क्षेत्रीय तनाव भइरहेका बेला निर्वाचन हुन लागेको हो।

यदि कुनै पनि उम्मेदवारले ५० प्रतिशत मत प्राप्त गरेनन् भने जुलाई ५ मा दोस्रो चरणको मतदान हुनेछ। सन् २००५ को मतदानपछि इरानी चुनावी इतिहासमा दोस्रो पटक मतदान भएको छैन । केही समय अघिसम्म सापेक्षिक रूपमा अनिश्चित रहेको पेजेस्कियानको उम्मेदवारीले रूढ़िवादी र अतिरूढिवादी खेमाहरूको वर्षौंको प्रभुत्वपछि इरानको सुधारवादी पक्षका लागि आशाहरू पुनर्जीवित गरेको छ ।इरानका अन्तिम सुधारवादी राष्ट्रपति मोहम्मद खातामीले उहाँलाई 'इमानदार, निष्पक्ष र मायालु' व्यक्तिका रूपमा प्रशंसा गरेका छन्।

सन् १९९७ देखि २००५ सम्म काम गरेका खातामीले उदारवादी हसन रौहानीलाई पनि समर्थन गर्नुभएको थियो। उहाँको समर्थका कारण रौहानीले राष्ट्रपतिको निर्वाचनमा विजय हाँसिल गर्नुभएको थियो। रौहानीलाई सन् २०१५ मा शक्तिराष्ट्रसँग भएको इरानको आणविक सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो।

# ईयूद्वारा युक्रेनलाई एक अर्ब ९० करोड यूरो प्रदान

एएनआई

ब्रसेल्स ।युरोपियन युनियनले युक्रेनलाई रूससँगको द्वन्द्वको बीचमा युक्रेनको प्रतिरक्षा र सुरक्षाका लागि १.९ अर्ब युरो प्रदान गरेको छ।

युरोपेली सङ्घका अध्यक्ष उर्सुला भोन डेर लेयनले युक्रेन सुविधाअन्तर्गत कोषको उद्देश्य युक्रेनी राज्यलाई 'स्वतन्त्रताका लागि लडाइँ' गर्दा चलाउनका लागि रहेको बताउनुभयो। उहाँले युक्रेनसँगको विलय वार्ताको उद्घाटनलाई 'ऐतिहासिक क्षण' को रूपमा वर्णन गर्दै किएभले ईयूमा आफ्नो 'सही स्थान' पाउने बताउनुभयो। जेलेनेस्कीले एक ऐतिहासिक क्षणमा आफ्नो सही स्थान पाउने बताउदै युक्रेन सुविधाअन्तर्गत अरबौं रकम वितरण गरिने ईयू प्रमुखले सामाजिक सञ्जाल एक्समा उल्लेख गर्नुभएको छ ।यसअघि ईयूले गत हप्ता यूरोपेली समूहका सदस्य राष्ट्रहरूबाट स्वीकृति प्राप्त गरेपछि युक्रेन र मोल्दोभासँग प्रवेश वार्ता सुरु गरेको अल जजिराले जनाएको थियो ।हङ्गेरीले यस कदमलाई रोक्ने प्रयास गरेपनि गत हप्ता समूहका २७ सदस्यहरूको सम्झौता सुरक्षित भएको थियो ।टर्की र धेरै पश्चिमी बाल्कन राज्यहरूले विलय प्रक्रियामा वर्षौं बिताएका हुनाले वार्ताले अन्ततः ईयू सदस्यतामा लैजाने सुनिश्चितता भने गरेको छैन।

वार्ताले जारी रुस र-युक्रेनको द्वन्द्वले युरोपेली सङ्घको सदस्यता विस्तार गर्ने प्रयासलाई पुनः जीवित भने गरेको छ।

युक्रेनले आक्रमणको लगत्तै पछि सन् २०२२ फेब्रुअरीमा समूहमा सामेल हुने आफ्नो इच्छा दर्ता गरेसंगै छिमेकी मोल्दोभा नजिकबाट पछि लागेको छ ।वार्ता सुरु गर्न हस्ताक्षर गर्नुभन्दा पहिले राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बताउनुभयो, "यो साँच्चै ऐतिहासिक क्षण भएको र युक्रेन सधैं एकताबद्ध युरोपको हिस्सा भएको र रहनेछ।"

देशहरूमा कानूनले पहिले नै ईयू मापदण्डहरू पालना गरेको र अझ कति काम अगाडि छ भनेर स्क्रिनिङ गर्ने प्रक्रियाबाट प्रवेश वार्ताको सुरुवात भएको छ। त्यसपछि इयुले करदेखि वातावरणीय नीतिसम्म ३५ वटा विषयमा वार्ताका लागि सर्तहरू राख्न सुरु गर्नुपर्छ ।रासस

# आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन गरिँदै

कञ्चनपुर । आधुनिक प्रविधिको प्रयोगरी धान उत्पादन बढाउन प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाअन्तर्गत कञ्चनपुरमा अनुदानका कार्यक्रम सञ्चालन गरिएका छन् । परियोजना कार्यान्वयन इकाइको समन्वयमा चक्लाबन्दीमा मेसिनको प्रयोग गरी आधुनिक प्रविधिमार्फत धानखेतीका साथै धानको बीउ उत्पादन गर्न थालिएको हो ।

इकाइका कार्यालयका प्रमुख सन्जु रिमालका अनुसार ध्रुवतारा सामुदायिक विकास कृषि सहकारी संस्थाले शुक्लाफाँटा नगरपालिका-१० मा र माता भगवती कृषि सहकारी संस्थाले भीमदत्त नगरपालिका-१२, १४ र १६ मा कार्यक्रम सञ्चालन गरेका छन् । दुवै सहकारीले १५/१५ हेक्टर क्षेत्रफलमा मेसिनको प्रयोग गरी आधुनिक प्रविधिबाट धानखेती गर्न सहजीकरण गरिरहेका उहाँको भनाइ छ ।



प्लास्टिको ट्रेमा धानको बेर्ना तयार गरी दुवै सहकारीमा आवद्ध किसानले पहिलो पटक धान रोप्ने मेसिनको प्रयोग गरी रोपाइँ गरिरहेका प्रमुख रिमालले बताउनुभयो । “धान रोप्दा लाग्ने लागत खर्चमा कमी ल्याउन मेसिनको प्रयोगलाई प्राथमिकता दिएका छौँ”, उहाँले भन्नुभयो, “सहकारीमा आवद्ध किसानलाई आवश्यक बीउ, विषादी, सुक्ष्म खाद्यतत्व, जाईम, धान रोप्ने मेसिन, पावर टिलर, मिनी टिलर, पावर टिलरमा लाग्ने रिपर, पावर टिलरको हिले चक्कालगायत सामग्रीमा अनुदानको व्यवस्था गरी उपलब्ध गराएका छौँ ।”

योसँगै कम्बाईन मिल, पेडल थ्रेसर, म्यानुअल, सिँचाइ बोरिङ, ईलेक्ट्रिक स्प्रेयर, माटो चाल्ने मेसिन, मेसिनबाट धान रोपाइँसम्बन्धी तालिम तथा बेर्ना तयारीका लागि आवश्यक फ्रेम, प्लाष्टिकलागायत सामग्रीमा अनुदान सहयोग उपलब्ध गराइएको रिमालले जानकारी दिनुभयो । उहाँका अनुसार ध्रुवतारा सहकारीलाई परियोजनाका तर्फबाट रु ११ लाख ४३ हजार छ सय २५ अनुदान उपलब्ध गराइएको छ भने सहकारीले रु १० लाख ७७ हजार छ सय २५ रकममा सहकार्य गरेको छ ।

भगवती सहकारीलाई परियोजनाका तर्फबाट रु ११ लाख ९२ हजार छ सय ८८ र सहकारीले रु ११ लाख छ हजार नौ सय ३८ रकम लगानी गरेको छ । मेसिनबाट धान रोपाइँ प्रदर्शन कार्यक्रमअन्तर्गत भीमदत्त-६, ११, १५, १७ र वेदकोट नगरपालिका-९ मा एक/एक हेक्टर क्षेत्रफलका १० प्लटमा पाँच वटा चारपाङ्गे मेसिनको सहतायले धान रोपाइँ भइरहेको कार्यालय प्रमुख रिमालले जानकारी दिनुभयो ।

वेदकोट-३, ४, १० को एक/एक र कृष्णपुर नगरपालिका-१ को दुई स्थानमा गरी पाँच स्थानमा छरुवा प्रविधिमार्फत धानखेती भइरहेको छ । स्वदेशी हाईब्रिड धान जातीय प्रदर्शन कार्यक्रमअन्तर्गत भीमदत्त-१०, १७, १८, १९, वेदकोट-३, कृष्णपुर-१, बेलडाँडी गाउँपालिकामा-२, बेलौरी नगरपालिका-८, पुनर्वास नगरपालिका-३ र ८ मा १/१ हेक्टर क्षेत्रफलको कूल १० वटा प्लटमा हर्दिनाथ हाईब्रिड-एक धान रोपिएको छ ।

“मसिनो तथा बास्नादार धानको बजारमा अत्यधिक माग छ । स्थानीयस्तरमा उत्पादन नहुँदा बाह्य क्षेत्रबाट आयात गर्नुपर्ने बाध्यता छ”, कार्यालय प्रमुख रिमालले भन्नुभयो, “भीमदत्त-६, ९ र ११ मा एक/एक, वडा नं १० मा चार र वेदकोट-१, बेलौरी नगरपालिका-६ र शुक्लाफाँटा नगरपालिका-४ मा एक/एक वटागरी कूल १० स्थानमा एक/एक हेक्टर क्षेत्रफलको प्लटमा हर्दिनाथ हाईब्रिड-१, हर्दिनाथ-६, युएस-३०५, एमपि-३०३० जातका खेती गर्न किसानलाई अनुदान उपलब्ध गराइएको छ ।”

कार्यक्रमअन्तर्गत किसानलाई ८५ प्रतिशत अनुदानमा धानको बीउ, विषादी, सुक्ष्म खाद्यतत्व, जाईम, स्प्रेयर, सुपरग्रेन ब्याग, मेसिनबाट रोपाइँका लागि मेसिन अपरेटर, छरुवा धानखेतीअन्तर्गत डिएपी मललगायत कृषि सामग्री उपलब्ध गराइएको उहाँको भनाइ छ । भीमदत्त-१६ स्थित रत्न कृषि बहुउद्देश्यीय सहकारी संस्थाले करिब १५ हेक्टर क्षेत्रफलमा मेसिनबाट धान रोपाइँका लागि करिब तीन हजार चार सय ट्रेमा धानको बेर्ना तयारी गरिएको छ । शुक्लाफाँटा-१० को कञ्चन कृषि वस्तु उत्पादन सङ्कलन तथा प्रशोधन केन्द्रसँग करिब १५ हेक्टर क्षेत्रफलमा धानको सामुदायिक नर्सरी स्थापनाका लागि सम्झौता गरिएको प्रमुख रिमालले जानकारी दिनुभयो । “यसका लागि बेर्ना तयार गरी धान रोपाइँ अगाडि बढाइएको छ”, उहाँले भन्नुभयो ।

धान बीउ उत्पादन सहयोग कार्यक्रमअन्तर्गत एक सय हेक्टर क्षेत्रफलमा उत्पादन गर्न बीउ उत्पादन प्रशोधन तथा बजारीकरण कार्यमा संलग्न तीन सहकारी संस्था र दुई बीउ कम्पनीसँग सम्झौता गरी बीउ उत्पादन थालिएको कार्यालय प्रमुख रिमालले बताउनुभयो । उहाँका अनुसार सोका लागि सम्झौता अनुसार रु आठ लाख बजेट उपलब्ध गराइएको छ ।रासस

# युवालाई कृषिमा आकर्षित गर्नुपर्छ : प्रदेश प्रमुख शर्मा



चितवन । बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले युवा पुस्तालाई कृषिमा आकर्षित गर्न सकिएमा कृषिजन्यवस्तु आयात कम गर्न सकिने बताउनुभएको छ । फोर एच नेपाल नामक सस्थाद्वारा शुक्रबार आयोजित तेस्रो कृषि युवा नेतृत्व विकास सम्बन्धी सम्मेलनको उद्धाटन गर्दै उहाँले नेपालमा रोजगारी पाइएन भनेर विदेश पलायन हुने युवालाई रोकेर कृषि क्षेत्रमा परिचालन गर्नुपर्छ भन्नुभयो ।

उहाँले भन्नुभयो, “रोजगारी र उच्च शिक्षाको बाहनामा नेपालीहरु विदेश पलायन भएका छन् । यसलाई रोक्ने सरकार र सांसद लाग्न जरुरी छ ।” युवालाई कृषि क्षेत्रमा जोड्न सके खाध्यमा परनिर्भरता हट्ने उहाँले बताउनुभयो ।

हाम्रो परिवार, समाज र सिङ्गो राष्ट्रका लागि आवश्यक युवाशक्ति विदेश पलायन हुनु देशका लागि सुखद् नभएको उहाँको भनाइ थियो । नयाँ सोच र नयाँ प्रतिबद्धताको आवश्यकता अहिलेको समाजमा रहेको उहाँले बताउनुभयो । राज्यले पूरा गर्नुपर्ने अभिभावकीय भूमिकालाई महत्व दिँदै युवालाई स्वदेशमा नै लगाउनुपर्ने उहाँले बताउनुभयो । उहाँले थप्नुभयो, “यो देशमा केही हुँदैन भनेर विदेशिन चाहाने युवालाई यही कर्म गर्ने वातावरण बनाउन जरुरी रहेको छ ।” कृषिमा आधारित हाम्रो समाज, अर्थतन्त्र र उद्योगबाट नै अग्रमनको खाका तयार हुने उहाँको भनाइ थियो ।

फोर एच नेपालका अध्यक्ष लोकराज अवस्थीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बागमती प्रदेशसभा सदस्य आनन्द श्रेष्ठ, बागमती युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई, द एसिया फाउण्डेसनका वातावरण अधिकृत सविना लामाले जलवायु परिवर्तनले समाजमा परेको असर रोक्नका लागि सबै एक भएर लाग्नुपर्ने बताउनुभयो । जलवायु परिवर्तनले कृषि क्षेत्रमा समेत नकारात्मक प्रभाव परेको जनाउँदै उहाँहरुले कृषिलाई आधुनिकीकरण गर्दै युवाहरुको भूमिकालाई बढाउन आवश्यक रहेको बताउनुभयो । राज्यका नीति तथा कार्यक्रम युवा लक्षित बनाउँदै लैजान उहाँहरुले सुझावसमेत दिनुभयो । समिटमा कृषि क्षेत्रमा काम गर्ने एक सय बढी युवाको सहभागिता रहेको छ ।रासस

# सिटिजन्स बैंकद्वारा विद्यालयलाई सहयोग प्रदान




**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सुदूरपश्चिम प्रदेश, कैलाली जिल्ला अत्तरियामा अवस्थित सु.प. समावेशी आधारभूत विद्यालयलाई २० वटा फ्यान सहयोग स्वरुप उपलब्ध गराएको छ ।

सो विद्यालय शारीरिक रुपमा अपांगता भएका बालबालिकाहरुलाई आवासीय रुपमा राखेर अध्यापन गराउने सुदूरपश्चिम प्रदेशको एक मात्र विद्यालय छ ।

दिन प्रतिदिन बढ्दै गएको गर्मीको कारण अशक्त बालबालिकाहरुको पठनपाठन र दिनचर्यामा असर परेको हुँदा गर्मीको असरलाई केही हदसम्म भएपनि न्यूनीकरण गर्ने मनासायले बैंकले विद्यालयलाई फ्यान सहयोग प्रदान गरेको छ । बैंकको यस कार्यबाट विद्यार्थीहरुको दैनिक क्रियाकलाप र पठनपाठनमा केही सहजता हुने विश्वास बैंकले लिएको छ ।

संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्दै आएको बैंकले आगामी दिनमा पनि यस्ता कार्यक्रम गर्ने योजना रहेको जनाएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९३ वटा शाखा, १५६ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिंग इकाइहरुबाट १७ लाख ६० हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।

हाल ५६ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ४ शाखाहरु विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्ने जनाएको छ ।

# विरुवा रोप्न ‘वान युथ, वान प्लान्ट’ अभियानको सुरुवात

**टुडे समाचारदाता**

नुवाकोट । ‘राष्ट्रिय वृक्षारोपण दिवस २०८१’ अवसरमा वातावरण संरक्षण तर्फ महत्वपूर्ण कदम चाल्ने उद्देश्यसहित एक युवा, एक विरुवा अर्थात ३इलभथ्यगतजइलभएबिलत अभियानको औपचारिक सुरुवात भएको छ ।

नेपाल युवा परिषद्, एनसेल र संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठन (एफ.ए.ओ) नेपालको संयुक्त आयोजनामा नुवाकोटको बिदुर नगरपालिकाबाट सो अभियानको शुक्रबार सुरुवात भएको छ ।

गत जेठमा विश्व वातावरण दिवसको अवसरमा एनसेल र नेपाल युवा परिषद्ले सातै प्रदेशका ७७ वटै जिल्लामा ७ हजार ७ सय रुख वृक्षारोपण गर्न एक समझदारी पत्रमा हस्ताक्षर गरेका थिए ।

प्रतिनिधिसभाका उपसभामुख इन्दिरा राना मगरले बिदुर नगरपालिकामा विरुवा रोपेर यो अभियानको उद्धाटन गरेकी हुन् । युवाहरुले राष्ट्रव्यापी पहलको ऐतिहासिक सुरुवात भएको र युवाहरुसँग उर्जा र बल भएको भन्दै उपसभामुख मगरले भनिन्,‘यस अभियानमा सहभागी हुने युवाहरु सकारात्मक परिवर्तनको लागि शक्तिको प्रमाण रहेको भन्दै आज रोपिएका विरुवाहरू रोपेर हामीले हाम्रो वातावरणमा मात्र योगदान दिइरहेका छैनौं, भावी पुस्ताका लागि उदाहरण पनि बन्ने छ ।’



शुक्रबारबाट शुरु अभियान आगामी असार २१ गतेसम्म सञ्चालन हुनेछ । राष्ट्रिय वृक्षारोपण दिवस २०८१ को अवसरमा गरिएको अभियानअन्तर्गत देशभरका ७ हजार ७ सय युवाले हरियाली वातावरण प्रवर्द्धन र जलवायु कार्य प्रयासहरूमा योगदान गर्दै कुल ७ हजार ७ सय बिरुवा रोप्नेछन् । यस अभियानका लागि एनसेलले आफ्नो व्यवसायिक सामाजिक जिम्मेवारी (सीएसआर)को एटिन फर एटिन कार्यक्रम अन्तर्गत नेपाल युवा परिषद्सँग सहकार्य गरेको छ ।

राष्ट्रिय वृक्षारोपण दिवसको अवसरमा वातावरणको क्षेत्रमा यो उदाहरणीय सहकार्य र अभियानको सुरुवात भएको एनसेलकी कर्पोरेट कम्युनिकेशन एन्ड सीएसआर प्रमुख बिशाखा लक्ष्मि खड्काले बताईन् । ‘यसले युवाहरूको सक्रिय सहभागितामा जलवायु परिवर्तनसँग लड्न र हरेक जिल्लामा हरियाली वृद्धि, वातावरण संरक्षण र दिगो विकास लक्ष्य प्राप्तिका लागि योगदान पुर्याउने हाम्रो विश्वास रहेको छ,’उनले भनिन् ।

कार्यक्रममा नेपाल युवा परिषदका केन्द्रिय कार्यसमिति सदस्य एवं बाग्मती प्रदेशका सयोजक नविन गिरीले यस अभियानलाई देशव्यापी रुपमा पुर्याउन सहयोग गरेकोमा एनसेल र एफएओ नेपाल, शुभारम्भ कार्यक्रमका लागि विदुर नगरपालिकालाई कृतज्ञता व्यक्त गर्दै एक युवा एक विरुवा अभियानको सफलता नेपालभरका युवाहरूको सामूहिक प्रयासमा मात्र सम्भव हुने बताए ।

सो कार्यक्रममा नेपाल युवा परिषद, एनसेल, एफएओ नेपाल, रैथाने नेपाल, विभिन्न सङ्घसस्थाका प्रतिनिधिहरु र स्थानीय जनप्रतिनिधि उपस्थित रहेका थिए ।

# कोशीमा १४ प्रतिशत रोपियो धान

बेलबारी । अन्नको भण्डार मानिने कोशी प्रदेशमा हालसम्म १४ प्रतिशत मात्र धान रोपाइँ भएको छ । यहाँ दुई लाख ७६ हजार तीन सय ८३ दशमलव ७२ हेक्टर जमिनमा धान रोपिने भए पनि हालसम्म ३७ हजार आठ सय ८० दशमलव ३५ हेक्टर जमिनमा मात्र धान रोपाइँ भएको कोशी प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ । कोशीमा गतवर्ष असार १४ गतेसम्म १६ दशमलव ९६ प्रतिशतमा धान रोपाइँ गरिएको थियो ।

प्रदेशका १४ जिल्लामध्ये सबैधन्दा धेरै झापामा र सबैभन्दा कम सोलुखुम्बुमा धान रोपिने गरेको निर्देशनालयकी सूचना अधिकृत पूर्णमाया गुरुङले जानकारी दिनुभयो । झापामा सबैधन्दा धेरै ७५ हजार सात सय ५९ दशमलव १८४ हेक्टरमा र सोलुखुम्बुमा सबैभन्दा कम एक हजार दुई सय २५ हेक्टरमा धान रोपिने गरेको उहाँले बताउनुभयो । हालसम्म झापामा ११ दशमलव ३५ प्रतिशत, मोरङमा १०, सुनसरीमा ११, ताप्लेजुङमा २९ दशमलव ४०, संखुवासभामा सात प्रतिशत, सोलुखुम्बुमा ३५, पाँचथरमा २९, इलाममा ३०, भोजपुरमा २७, तेह्रथुममा २५, धनकुटामा १२, उदयपुरमा १५ दशमलव २५ प्रतिशत, ओखलढुङ्गामा १२ दशमलव २५ प्रतिशत र खोटाङमा १३ दशमलव ४० प्रतिशत रोपाइँ भएको कृषि विकास निर्देशनालयले जनाएको छ ।

असार १५ गते ‘जलवायुमैत्री कृषि, धान उत्पादनमा वृद्धि’ भन्ने मूल नाराका साथ २१औँ राष्ट्रिय धान दिवस मनाइने तयारी रहेको कृषि विकास निर्देशनालय कोशी प्रदेशका प्रमुख प्रकाशकुमार डाँगीले जानकारी दिनुभयो । विगतका तुलनामा कम रोपाइँ भए पनि यसवर्ष धानमा हाल्ने रासायनिक मलको भने अभाव नरहेको उहाँले बताउनुभयो । रासस

# स्ट्रबेरीको माग बढ्दो

टक्सार । भोजपुरका किसान स्ट्रबेरी खेतीतर्फ आकर्षित हुन थालेका छन् । यो खेतीबाट राम्रो आम्दानी हुने भएकाले पछिल्लो समय यहाँका किसान जग्गा भाडामा लिएर पनि खेती गर्न थालेका छन् । त्यसमध्येका एक हुन्, भोजपुर नगरपालिका-८, दुम्सिका कमल भुजेल ।

उहाँले दुई रोपनी जग्गामा व्यवसायीक स्ट्रबेरी खेती सुरु गर्नुभएको छ । नुवाकोटको ककनीबाट दुई हजार बिरुवा ल्याई आफूले व्यवसायीकरुपमा खेती सुरु गरेको उहाँले बताउनुभयो ।

राम्रो उत्पादन र आम्दानी हुने गरेको जानकारी पाएपछि यस खेतीमा आकर्षित भएका भुजेलले हाल दैनिकजसो १० देखि २५ किलोग्राम (केजी) सम्म स्ट्रबेरीको कारोबार गर्ने गरेको बताउनुभयो । आफ्नो उत्पादनले माग धान्न नसकेपछि उहाँले खेती विस्तार गरी १० हजार बिरुवा थप्ने योजना बनाइरहेको सुनाउनुभयो । “ग्राहकको माग बढ्न थालेको छ । स्थानीयस्तरमै कुनै विषादी प्रयोग नगरी उत्पादन भएकाले पनि ग्राहकको माग बढ्न थालेको हो”, भुजेलले भन्नुभयो,“यसले निकै उत्साहित भएको छु । त्यसैले खेती विस्तार गर्ने योजना बनाइरहेको छु ।”रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

**सूचना ! सूचना !! सूचना !!!**

जिल्ला धनुषा बेंगाडावर गा.वि.स. वडा नं. ०७ हाल मिथिला न.प. वडा ०९ मा बस्ने गंगा कुमारीको नाउँमा दर्ता कायम रहेको तपशिल बमोजिमका जग्गामा जिल्ला धनुषा बेंगाडावर गा.वि.स. वडा नं ७ मिथिला न.पा. वडा नं. ०९ मा बस्ने गंगा कुमार श्रेष्ठ मोही रहेको र निजको नाउँ मेरो जग्गाधनी प्रमाण पुर्जामा रही रहेकोमा निज मोहीको यस ठाउँमा बसोबास नभएको र निजको शेष पछी हक खाने एकासगोलको श्रीमान् श्रीमती, बाबु, आमा, छोरा, छोरी,बुहारी, नातीबुहारी, ३५ वर्ष पुगेको अविवाहीता छोरी धर्मपुत्र, दाजु भाईहरु कानूनी हकदार समेत नभएको हुदाँ उक्त जग्गा म जग्गाधनीले आफै जोती कमाई आइरहेको छु । तर उक्त जग्गाको मोही गंगा कुमार श्रेष्ठको लगतमा हाल सम्म यथावत कायम नै रहेको हुदाँ निज मोहीको नाउँ कट्टा गरी जग्गाधनी प्रमाण पूर्जा तथा श्रैस्ताको मोही महलबाट समेत मोहीको नाउँ कट्टा गरिदिन श्री भूमिसुधार तथा मालपोत कार्यलय धनुषाको नाउँमा पत्र लेखि पाउँ भनी जग्गाधनी गंगा कुमारीले मिति २०८०/१०/२४ गतेमा दिएको निवेदनमा कारवाही हुदाँ दावी जग्गाको मोही गंगा कुमार श्रेष्ठ वा निजको एकासगोलको माथि उल्लेखत हकदारहरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण प्रमाणहरु साथ आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुनु भनी सार्वजनिक सूचना प्रकाशित गर्ने भनी मिति २०८१/०३/०६ मा आदेश भएको हुदाँ उक्त आदेश बमोजिम यो सूचना प्रकाशित गरिएको छ । दावी जग्गाबाट मोही गंगा कुमार श्रेष्ठ को नाम कट्टा हुनु नपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा वारेस मार्फत लिखित जवाफ सहित हाजिर हुन आउनुहोला । अन्यथा दावी जग्गाबाट मोहीको नाउँ कट्टा भई जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

| सि.न. | गा.वि.स | वडा नं. | कि.न. | क्षेत्रफल | मोहीको नाउँ | जग्गाधनीको नाउँ |
|---|---|---|---|---|---|---|
| १ | बेंगाडावर | ७ख | २३२ | ०-१-०-० | गंगा कुमार श्रेष्ठ | गंगा कुमारी |

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

**सूचना ! सूचना !! सूचना !!!**

जिल्ला धनुषा बेंगाडावर गा.वि.स. वडा नं. ०७ हाल मिथिला न.प. वडा मा बस्ने टिका वहादुर कार्की समेतको नाउँमा दर्ता कायम रहेको तपशिल बमोजिमका जग्गामा जिल्ला धनुषा बेंगाडावर गा.वि.स. वडा नं ७ मिथिला न.पा. वडा नं. ०९ मा बस्ने गंगा कुमार श्रेष्ठ मोही रहेको र निजको नाउँ मेरो जग्गाधनी प्रमाण पुर्जामा रही रहेकोमा निज मोहीको यस ठाउँमा बसोबास नभएको र निजको शेष पछी हक खाने एकासगोलको श्रीमान् श्रीमती, बाबु, आमा, छोरा, छोर ी,बुहारी, नातीबुहारी, ३५ वर्ष पुगेको अविवाहीता छोरी धर्मपुत्र, दाजु भाईहरु कानूनी हकदार समेत नभएको हुदाँ उक्त जग्गा म जग्गाधनीले आफै जोती कमाई आइरहेको छु । तर उक्त जग्गाको मोही गंगा कुमार श्रेष्ठको लगतमा हाल सम्म यथावत कायम नै रहेको हुदाँ निज मोहीको नाउँ कट्टा गरी जग्गाधनी प्रमाण पूर्जा तथा श्रैस्ताको मोही महलबाट समेत मोहीको नाउँ कट्टा गरिदिन श्री भूमिसुधार तथा मालपोत कार्यलय धनुषाको नाउँमा पत्र लेखि पाउँ भनी जग्गाधनी टिका वहादुर समेतले मिति २०८०/१०/२४ गतेमा दिएको निवेदनमा कारवाही हुदाँ दावी जग्गाको मोही गंगा कुमार श्रेष्ठ वा निजको एकासगोलको माथि उल्लेखत हकदारहरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण प्रमाणहरु साथ आफै वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुनु भनी सार्वजनिक सूचना प्रकाशित गर्ने भनी मिति २०८१/०३/०६ मा आदेश भएको हुदाँ उक्त आदेश बमोजिम यो सूचना प्रकाशित गरिएको छ । दावी जग्गाबाट मोही गंगा कुमार श्रेष्ठ को नाम कट्टा हुनु नपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफै वा वारेस मार्फत लिखित जवाफ सहित हाजिर हुन आउनुहोला । अन्यथा दावी जग्गाबाट मोहीको नाउँ कट्टा भई जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

| सि.न. | गा.वि.स | वडा नं. | कि.न. | क्षेत्रफल | मोहीको नाउँ | जग्गाधनीको नाउँ |
|---|---|---|---|---|---|---|
| १ | बेंगाडावर | ७ख | १६५ | ०-१-१०-० | गंगा कुमार श्रेष्ठ | टिका बहादुर कार्की समेत |
| २ | बेंगाडावर | ७ख | २३३ | ०-१-०-० | गंगा कुमार श्रेष्ठ | टिका बहादुर कार्की समेत |

## श्री राष्ट्रिय प्राथमिक विद्यालय

जनकपुरधाम उ.म.न.पा.–२४, बसहिया, सोनापड°ा (धनुषा) नेपाल

**बौली पोखरीको गोप्य बोलपत्र सम्बन्धी सूचना**

यस विद्यलयको अधिनस्थामा रहेको पोखरीको मिति २०८१/०३/१० को निर्णय अनुसार तपशिलमा उल्लेखित पोखरीमा माछा पालन बोलपत्रद्धारा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदाँ सो पोखरीको निम्न शर्तहरुको आधारमा ठेक्का लिन सर्व साधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | साविक गा.वि.स. बसहिया वा.नं. | कित्ता नं. | क्षेत्रफल | न्यूनतम रकम प्रतिवर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४ (क) | २१ | १-८-८ | २,५०,०००।- दुई लाख पचास हजार | बौली पोखरी |

**शर्तहरूः**

१. बोलपत्र फारम दस्तुर रु. १००५।- फिर्ता नहुने गरी विद्यालयबाट प्रमाणित फारम खरिद गर्नु पर्नेछ ।
२. ठेक्का अवधी २०८१/०३/१८ गते देखी २०८६ साल अषाढ १७ गते सम्म जम्मा ५ पाँच वर्षको हुनेछ ।
३. यस विद्यालयको कुनै किसिमको बाँकी बक्यौता रकम राखेको व्यक्तिको नाउँमा बोलपत्र स्वीकृत हुने छैन ।
४. पोखरीमा माछा पालन मात्र गर्न सक्नेछ ।
५. बोलपत्र फारममा सब भन्दा बढी रकम कबुल गरेकोलाई प्राथमिकता दिइनेछ ।
६. धरौटी रकम वार्षिक कबुल रकमको १०% यस विद्यालयको खाता नेपाल बैंक लि. सिटी अफिस जनकपुरको च.हि.नं. ००८००१००४६४३६१००००० १ मा जम्मा गरी सक्कल भाउचर बोलपत्र (टेन्डर) साथ पेश गर्नुपर्नेछ ।
७. बोलपत्र फारम स्वीकृत भएको मितिले सात दिन भित्र पहिलो किस्ताको रकम जम्मा गरी पुर्जी लिई सक्नु पर्ने छ । यो चलन पूर्जी समय भित्र नलिएमा राखीएको धरौटी रकम जफत गरी ठेक्का रद्द गरिनेछ ।
८. धरौटी रकम अन्तिम किस्तामा मिन्हा हुनेछ ।
९. बोलपत्र फारम भर्ने अन्तिम मिति २०८१/०३/१८ गते सम्म विद्यालय समय १०:०० बजे दखी ३:०० बजे सम्म ।
१०. बोलपत्र फारम मिति २०८१/०३/१८ गते बेलुका ४:०० बजे यस विद्यालयको प्राङ्गनमा खोलीनेछ ।
११. बोलपत्र साथ नगद धरौटी राखेमा बोलपत्र स्वीकृत हुने छैन ।
१२. रित पूर्वक नभएको बोलपत्र वा म्याद नाघि आएको बोलपत्र फारम स्वीकृत हुने छैन ।
१३. पहिलो वर्षको म्याद समाप्त हुन १ महिना अगाडी दोस्रो किस्ताको रकम बैंकमा जम्मा गरी सो को सक्कल भौचर सहित अर्को सालको लागि चलन पूर्जीको लागि निवेदन दिनु पर्नेछ । उक्त समय भित्र किस्ता रकम बैंकमा जम्मा नगरेमा अर्को सालको लागि चलन पूर्जी दिइने छैन र ठेक्का रद्द भएको मानिने छ ।
१४. तिन भन्दा कम बोलपत्र दर्ता भएमा बोलपत्र स्वीकृत गरिने छैन ।
१५. उल्लेखित शर्तहरुको पालन नगरेमा वा समयमा कबुल गरेको रकम नबुझाएमा जुन सुकै बेला ठेक्का बदर गरी कानून कारवाही गरिनेछ ।
१६. बोलपत्र खोलिने बखत बोलपत्र दाता व निजको प्रतिनिधि उपस्थित रहनु पर्ने छ साथै उपस्थित नरहेमा पनि बोलपत्र खोलिने कार्य रोकिने छैन् ।
१७. ठेक्का स्वीकृत गर्ने सम्पूर्ण अधिकार विद्यालयमा निहित रहने छ ।

(नोटः अन्य जानकारीको लागि विद्यालय वा मो.नं. ९८४४०३८४६५ मा सम्पर्क गर्नुहोला ।)

**फारमसंग संलग्न कागजातहरू**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२. धरौटी वापत जम्मा गरेको सक्कल भाउचर

**प्रधानाध्यापक**

# प्रत्येक मुद्दा थेसिस हो: मुख्यन्यायाधीश पौडेल

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक मुद्दा रिचर्स हुने भएकाले कानुन व्यवसायीले सही मार्ग निर्देशन गर्नु पर्ने खाँचौं औल्याइएको छ।

नेपाल कानुन परिषद ललितपुर र मधेश प्रदेशको आयोजनामा सोमवारदेखि जनकपुरधाममा शुरु भएको प्रशिक्षण कार्यक्रममा सो खाँचौं औल्याइएको छ।



कानुन व्यवसायी सामाजिक अभियन्ता भएका कारण पनि व्यवसायीको सफलताका लागि सीप महत्वपूर्ण कडी भएको सो अवसरमा सहभागीले प्रसंग उल्लेख गरे।

कानुन व्यवसायीले दक्षता अभिवृद्धितर्फ ध्यान नदिएका कारण पनि कतिपय मुद्दामा माग अनुसारको सफलता प्राप्त हुन नसकेको स्मरण सहभागीहरुले गरे।

कानुन व्यवसायीको पेशागत भविष्य सही सल्लाह दिनुमा निर्भर रहेकाले ज्ञान अभिवृद्धिका पक्षलाई महत्व दिनु नितान्त आवश्यक रहेको चर्चा गर्दै सहभागीहरुले लेखन , बहस कलाले नै पेशामा स्थापित हुन सक्ने भएकाले मेहनत र संघर्षका संगै ज्ञान अभिवृद्धिलाई मूलमन्त्रका रुपमा लिनु पर्नेमा जोड दिए।

उच्च अदालत जनकपुरधामका मुख्य न्यायाधीश श्रीकान्त पौडेलले प्रत्येक मुद्दा थेसिस भएकाले कानुन व्यवसायीले ज्ञान, सीप र अध्ययनशीलतालाई पुँजीका रुपमा लिनु पर्ने धारणा राखे।

ज्ञान अभिवृद्धिले पेशा तिखारिदै जाने तथ्यलाई बिर्सन नहुँदै उनले आउने दिनमा लोयर्स एकेडेमीको स्थापनालाई मूर्तरुप दिनु जरुरी रहेको बताए।

वरिष्ठ अधिवक्ता युगलकिशोर लाभले ज्ञानको क्षेत्र वृहत् हुने भएकाले प्रशिक्षण कानुन व्यवसायीका लागि वरदान साबित हुने विश्वास व्यक्त गरे।

नेपाल कानुन परिषद्का सचिव बामदेव जोशीले समयसापेक्ष ज्ञान , क्षमता अभिवृद्धि आवश्यक रहेको चर्चा गर्दे आगामी दिनमा संवैधानिक लगायत वाणिज्य ,देवानी , फौजदारीको पाठ्यक्रम तयारी गरी स्वीकृत गराइ व्यवसायीको दक्षता अभिवृद्धिको योजना रहेको जानकारी दिए।

वरिष्ठ अधिवक्ता देवेन्द्र ठाकुरले कानुन व्यवसायी अध्ययनशील हुनु जरुरी पेशागत स्थायीत्वका लागि अध्ययनलाई प्राथमिकता दिनु पर्ने बताए।

नेपाल वार एसोसिएसन जनकपुरधामका अध्यक्ष बलराम सुवेदीले कानुन व्यवसायीमा योगी जस्तो धैर्यता र घोडा जस्तो दौड हुनु पर्ने बताउँदै यसका लागि लगनशील ,मेहनति , इमान्दार र आचारसंहिताको पालन आवश्यक रहेको प्रसंग उल्लेख गरे।

परिषद्का सदस्य एवं वरिष्ठ अधिवक्ता श्यामकुमार मिश्रले आफूले प्रारम्भिक दिनमा मस्यौदालाई गम्भीर पूर्वक अध्ययन नगरी सही गर्दा मद्दाको महत्वपूर्ण पक्षमा ने त्रुटि गर्न पुगेको स्मरण गर्दे कानुन व्यवसायीले मस्यौदामा ऐनको प्रयोग , हक , क्षेत्राधिकार जस्ता पक्षलाई ध्यान दिनु पर्ने बताए।

प्रशिक्षणमा पर्सादेखि सप्तर ीसम्मका दश वर्षदेखि कानुन व्यवसायमा संलग्न व्यवसायीको सहभागिता रहेको बताउँदै प्रशिक्षणको समापन असार २० गते हुने जानकारी दिए।

# कसले लिने असफल विद्यार्थीको जिम्मेवारी ?

ब्लग :




श्यामसुन्दर शशि

फलामे ढोका भनिने पुराना एसएलसी र हालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ५२ प्रतिशत परीक्षार्थी नन् ग्रेडेड अर्थात् अनुत्तीर्ण हुँदा ४७ दशमलव ८७ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन्। अर्थात् १० वर्षको कठोर मिहिनेत पश्चात् २०८० सालमा एसईई परीक्षामा सहभागी भएका ४ लाख ६४ हजार ७ सय ८५ मध्ये २ लाख ४२ हजार ३ सय १३ जना फेल र २ लाख २२ हजार ४ सय ७२ विद्यार्थी पास भएका छन्। यद्यपि लेटर ग्रेडिङ प्रणालीमा अनुत्तीर्ण भनिदैन अंग्रेजी नाम दिइएको छ- 'नन् ग्रेडेड'।

राष्ट्रिय परीक्षा बोर्डका पदाधिकारीहरुले परीक्षाफल प्रकाशित गर्ने क्रममा परीक्षाफलमा सुधार आएको दाबी गरेका थिए। जबकी आधाभन्दा बढी विद्यार्थी अनुत्तीर्ण हुनु माध्यमिक शिक्षा बोर्डको लागि चिन्ताको विषय बन्नु पर्ने हो। यसले माध्यमिक तहमा शिक्षक सिकाइ चरम संकटमा रहेको तथ्य उजागर गरेको छ। यस वर्षदेखि लागू भएको नयाँ लेटर ग्रेडिङ प्रणाली अनुसार, परीक्षामा सहभागी विद्यार्थीले हरेक विषयमा सैद्धान्तिक तर्फको ७५ पूर्णाङ्कमा ३५ प्रतिशत र आन्तरिक मूल्याङ्कनतर्फ २५ पूर्णाङ्कमा ४० प्रतिशत अंक ल्याउनैपर्ने प्रावधान गरेको छ।

नयाँ प्रणाली अनुसार, बढीमा दुई विषयमा ३५ प्रतिशत अंक ल्याउन नसकेका १ लाख १५ हजार ८ सय ३४ जनाले भने साउन १८ र १९ गते हुने पुरक परीक्षामा सहभागी भई ग्रेड वृद्धि गर्न पाउँने छन्। उत्तीर्ण भए, यस वर्षको शैक्षिक सत्रमा कक्षा ११ मा नामांकन गर्न पाउँने छन्। तर १ लाख २६ हजार ४ सय ७९ अर्थात् २७ दशमलव २१ प्रतिशत विद्यार्थी कक्षा १० मै रोकिनु पर्ने हुन्छ। उनीहरुले एक वर्ष पछि आगामी चैतमा हुने एसईई परीक्षामा सहभागी भएर उत्तीर्ण भएमात्र कक्षा ११ मा नामांकन गराउन सक्छन्।

गणित, अंग्रेजी, विज्ञान, सामाजिक र मधेशका विद्यार्थीका लागि नेपाली 'कमजोर कडी' रहँदै आएको छ। यस अघिका परीक्षाफलहरुको विश्लेषण गर्दा पनि सर्वाधिक विद्यार्थी अनुत्तीर्ण हुने विषयहरु यिनै हुन्। यस वर्षको नतिजा अनुसार, १ लाख ७७ हजार ९ सय ८५ विद्यार्थी अनिवार्य गणितमा ३५



प्रतिशत अंक ल्याउन सकेका छैनन् भने विज्ञानमा १ लाख २६ हजार ९ सय ३३ जना, अंग्रेजीमा १ लाख १३ हजार ३ सय ८३, नेपालीमा ७९ हजार ६१ र सामाजिक विषयमा ७३ हजार ८ सय ७७ विद्यार्थीले ३५ प्रतिशत अंक ल्याउन सकेका छैनन्। गणित र विज्ञान विषयमा विद्यार्थीहरुको दक्षता बढाउन सकेको भए ६० प्रतिशत भन्दा अधिक विद्यार्थी उत्तीर्ण हुने थिए।

सरकारलाई गणित, अंग्रेजी, विज्ञान, सामाजिक आदि विषयको अध्ययन अध्यापनमा कमी कमजोरी रहेको राम्ररी थाहा छ। २०७५ सालमा सरकारले नै गराएको सर्वेक्षणमा मुलुकका ७१ वटा विद्यालयमा मात्र गणित, विज्ञान र अंग्रेजी विषयका विषयगत शिक्षकको दरबन्दी रहेको पाइएको थियो। विद्यालयहरुमा थप ५६ हजार शिक्षक दरबन्दी आवश्यक पर्ने विषय समेत सर्वेक्षणले औँल्याएको थियो। तर पछिल्लो ६ वर्षमा सरकारले एउटै पनि शिक्षक दरबन्दी थप गर्न सकेको छैन। कक्षा ११ र १२ मा झन् एउटै पनि सरकारी दरबन्दीका शिक्षक छैनन्।

मधेश प्रदेश स्वास्थ्य, गरिबी, रोजगारी लगायतका प्रायः सबै मानवीय सूचकांकमा पछाडि परेको हामी सबैलाई थाहै छ, तर सिंगै नेपालमा शिक्षाको दियो बालेको मधेश प्रदेश शिक्षाको क्षेत्रमा पनि पुछारमा रहेको तथ्य यस वर्षको एसईईको परीक्षाफलले उजागर गरेको छ।

यस वर्ष देशभरका विद्यार्थीहरुमध्ये ५२.१३ प्रतिशत विद्यार्थी उतीर्ण भएका छन्। मधेश प्रदेशमा भने ४६ दशमलव ८७ प्रतिशतमात्र उत्तीर्ण भएका छन्। झण्डै ८० हजार परीक्षार्थीमध्ये २ जनाले मात्र ४ जीपीए ल्याउन सकेका छन्। धनुषा जिल्लाबाट ज्ञानदा इन्टरनेश्नल स्कुलका विराज अग्रवाल र गार्गी मेमोरियल बोर्डिंग स्कुलका जयप्रकाश यादवले फोर जीपीए ल्याउन सफल भएका छन्।

मधेश प्रदेशबाट एसईई परीक्षा दिएका ७९ हजार ५ सय ९२ परीक्षार्थीमध्ये ३७ हजार ३ सय ६ (४६.८७प्रतिशत) विद्यार्थीमात्र उत्तीर्ण भएका छन्। ४२ हजार २ सय ८६ अर्थात् ५३.१२ प्रतिशत अनुतीर्ण भएका छन्। जबकी बागमतीबाट परीक्षा दिएका ९९ हजार ८ सय ७२ मध्ये ६६ हजार २९ (६६.११ प्रतिशत) विद्यार्थी उत्तीर्ण र ३३ हजार ८ सय ४३ (३३.८८ प्रतिशत) अनुत्तीर्ण भएका छन्। बागमतीसंगै कोशी र गण्डकी प्रदेशका विद्यार्थीहरुले औसत भन्दा राम्रो रिजल्ट निकालेका छन्। मधेशसंगै सुदूर पश्चिम, कर्णाली र लुम्बिनी प्रदेशको उत्तीर्ण प्रशित औषतभन्दा कम छ।

नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई दिएको छ। शिक्षा क्षेत्रलाई संघीय र प्रदेश सरकारले पनि सहयोग गर्दै आएको छ। तर विद्यार्थीहरुको सिकाईको स्तरमा वृद्धि भएको छैन। विद्यालयहरुको भौतिक संरचनामा सुधार हुन सकेको छैन। विषयगतशिक्षकको आभाव छ। चिन्ताको विषय के हो भने, गुणस्तरीय शिक्षा सार्वजनिकवहसको विषयसमेत बन्न सकेको छैन्। परीक्षाको वेला परीक्षा केन्द्र, गार्ड र सुपरिन्टेण्डेन्ट नियुक्तिसम्ममा अग्रमोर्चामा देखिने, चिट चोरी भयो भन्ने हल्लीखल्ली मचाउँने जनप्रतिनिधि, प्रहरी प्रशासन, नागरिक समाज तथा सञ्चारकर्मीहरु वर्षभरी विद्यालयको अवस्थाबारे सोधीखोजी समेत गर्दैनन्।

रिजल्ट निस्किने वित्तिकै जनप्रतिनिधिहरु आफ्ना पालिकाका उत्तीर्ण भाई बहिनीहरुलाई बधाई तथा शुभकामना दिन अघि बढ्छन्। तर फेल भएकाहरुको विषयमा एक शब्द बोल्दैनन्। लेख्दैनन्। जबकी जनप्रतिनिधिहरुको मुख्यचासो फेल भएका भाई बहिनीहरु हुनु पर्ने हो। शिक्षा जस्तो गहन जिम्मेवारी पाएका स्थानीय सरकारको नीति-कार्यक्रम तथा बजेटमा गुणस्तरीय शिक्षाका लागि सार्थक नीतिसम्म देख्न सकिन्न। पालिकाभित्रका कति विद्यार्थी उत्तीर्ण वा अनुत्तीर्ण भए ? कुन विषयमा राम्रो गर्न सकेन ? किन राम्रो गर्न सकेन ? सुधारका के उपाय हुन सक्छन् ? यावत विषयमा बहस छलफल हुनु पर्ने हो कि होइन ?

सफल भएकाहरुलाई बधाई र शुभकामना दिने विद्यालय, प्रधानाध्यापक, शिक्षक तथा जनप्रतिनिधिहरुसंग सवाल- फेल भएका ५२ प्रतिशत भाई बहिनीहरुको असफलताको जिम्मेवारी कसले लिने ?

# चित्रपुरमा आँप महोत्सव




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा पहिलोपटक आन्तरिक बजार प्रवर्द्धन गर्ने उद्देश्यले आँप महोत्सवको आयोजना भएको छ।

धनुषाको बटेश्वर गाउँपालिका-१, चित्रपुरमा आँप महोत्सवको आयोजना गरिएको छ। सो महोत्सवमा विभिन्न २० भन्दा बढी प्रजातिका आँप प्रदर्शनीमा राखिएको छ।

बजार प्रवर्द्धन तथा नयाँ पुस्तालाई आँपका प्रजाती चिनाउन शुक्रबार आँप महोत्सवको आयोजना गरिएको आयोजक समितिका फुलगेन मगहीले जानकारी दिए। महोत्सवमा आँपबाट बनाइएका अचार, अमोठलगायतका विभिन्न परिकारसमेत प्रदर्शनी तथा बिक्रीका लागि राखिएको महतोले बताए।

उनले मेला घुम्न आउने अतिथिका निःशुल्क आँप खुवाउने व्यवस्था मिलाइएको बताए।

# चट्याङ लागेर मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा चट्याङ लागेर एक महिलाको मृत्यु भएको छ। चट्याङ लागेर गम्भीर घाइते भएकी बागमती नगरपालिका-१ की ६४ वर्षीया गोमा आले मगरको उपचारका क्रममा मृत्यु भएको छ।

शुक्रबार आफ्नै खेतमा काम गरिरहेको अवस्थामा मगर चट्याङ लागेर घाइते भएकी थिइन्। उनको उपचारका क्रममा पर्साको वीरगञ्जमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए।

यसैबीच, चट्याङबाट लालबन्दी नगरपालिका-१७ स्थित गैरी टोलका मंगल कामीको घरमा क्षति पुगेको छ। त्यस्तै बुधबार परेको चट्याङबाट इश्वरपुर नगरपालिका-१३ र १६ का ६ घरमा क्षति पुगेको प्रहरीले जनाएको छ।

# चाँदीको मण्डपसहित गहवामाईको रथयात्रा

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको प्रसिद्ध गहवामाईको रथयात्रा यही असारको २३ गते हुने भएको छ।

गहवामाईको नवनिर्मित मन्दिरको १२ औँ वार्षिकोत्सवका अवसरमा आयोजना हुने रथयात्रामा भारतसहित मधेश प्रदेशका एक लाखभन्दा धेरैको सहभागिता रहने गहवामाई रथयात्रा समितिले जनाएको छ।



समितिका अध्यक्ष श्याम पोखरेलले रथयात्राको तयारी अन्तिम चरणमा पुगेको बताए। 'हामीले गत वर्षदेखि गहवामाईको रथयात्रा निकाल्न सुरु गरेका हौं। भक्तजनको उत्साहजनक सहभागिता भएकाले यो वर्ष पनि निरन्तरता दिनेछौं।

उनले ऐतिहासिक तथा सांस्कृतिक धरोहरलाई मुलुकभर चिनाउन रथयात्रा गर्न लागेका बताए।

अध्यक्ष पोखरेलले गहवामाईको रथमा १५ किलोको चाँदीको मण्डप बनाउन लागेको बताए।

गहवामाई रथ यात्रा समितिका सल्लाहकार दिनाप्रसाद गुप्ताले गहवामाई माताको पूजा आराधनासँगसँगै पर्यटकीय क्षेत्रको प्रचारप्रसारका लागि रथयात्रा आयोजना हुन लागेको बताए।

चाँदीको मण्डपसहितको रथयात्राका लागि ४० लाख रुपैयाँ विनियोजन गरिएको छ। एक महिनादेखि काष्ठकर्मीहरू गहवामाईको रथ निर्माणमा जुटेका छन्।

# ६ महिनामा दुई महिलासहित ९ को हत्या

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा ६ महिनाको अवधिमा ९ जनाको हत्या भएको छ। भने १२ जना बालिका बलात्कृत भएको छ।

हत्या हुनेमा ७ पुरुष र २ महिला छन्। यसरी हत्या गरिएका मध्ये १८ वर्षिय किशोरदेखी ७५ वर्षिया वृद्धासमेत रहेका छन्।



राजविराजमा शुक्रबार अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सप्तरीले आयोजना गरेको "नेपाल मानव अधिकार वर्ष पुस्तकको अर्धवार्षिक पूर्व समीक्षा" गोष्ठीमा यस्तो तथ्यांक सार्वजनिक गरिएको छ।

इन्सेकले सार्वजनिक गरेको प्रतिवेदनमा सन् २०२४ को ६ महिनमा पुरुषतर्फ १८, १९, २५, ३२, ५६, ६५ र ६८ वर्ष उमेर समूहका र महिलातर्फ ७० र ७५ वर्ष उमेरका ज्येष्ठ नागरिकको हत्या भएको उल्लेख छ। सो हत्या घटनाका आरोपित मध्ये एक जना सशस्त्र प्रहरी, १ मृतकका छोरा र ३ जना मृतककै साथी पक्राउ परी हाल पुर्पक्षका लागि थुनामा छन् भने १६ जना आरोपित अझै फरार रहेको जनाइएको छ।

त्यस्तै सोही अवधिमा बालिका बलात्कारका १२ घटना भएका छन्। बलात्कार घटनामा १४ देखि १७ वर्ष उमेर समूहकी बालिकाहरु पीडित भएका छन्। जसमध्ये १ जना अपांगता भएको बालिकासमेत छिन्। यसरी बलात्कार घटनामा संलग्न रहेका आरोपी मध्ये ३ जना पुर्पक्षका लागि थुनामा, १ जना बालसुधार गृहमा र ६ जना अझै फरार रहेको प्रतिवेदनमा जनाइएको छ।

सोही अवधिमा वैवाहिक बलात्कारको १ वटा घटना भएको छ। २१ वर्षीया एक महिलाले वैवाहिक बलात्कार भयो भन्दै दिएको उजुरीको आधारमा पक्राउ परेका उनका २८ वर्षीय पतिलाई सप्तरी जिल्ला अदालतका न्यायाधीश नवीनकुमार जोशीको आदेशमा २०८१ बैशाख ६ गतेदेखी पुर्पक्षका लागि राजविराज कारागारमा छन्।

त्यस्तै ६ महिनाको अवधिमा बहुविवाहका ७ र बालविवाहका ९ घटना भएको प्रतिवेदनमा छ। त्यस्तै देवरसँग विवाह गराई भाउजुसहित दुबै जनालाई गाउँ निकाला गरिदिएको १ र घरेलु हिंसाका २१ वटा घटना भएको प्रतिवेदनमा छ।

सन् २०२३ जनवरीदेखि डिसेम्बरसम्मको १ वर्षको अवधिमा हत्या ९, बहुविवाहका १८ र घरेलु हिंसाका ४५ वटा घटना भएका थिए। तर पछिल्लो ६ महिनाको तथ्यांक हेर्दा आपराधिक घटना न्यूनीकरणका लागि प्रहरी, प्रशासन र सरोकारवाला सबैको थप सक्रियता आवश्यक रहेको इन्सेकले सुझाव दिएको छ।

सो गोष्ठीमा सप्तरी जिल्ला अदालतका प्रमुख न्यायाधीश दिपकप्रसाद दाहाल, प्रहरी उपरीक्षक गजुसिद्धि बज्राचार्य, सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र यादव, नेकपा एमालेका सचिव देवनाथ यादव, जनमत पार्टी सप्तरीका इन्चार्ज रामगमन साह, जिल्ला न्यायाधिवक्ता गोकुलप्रसाद निरौला, नागरिक समाजका अध्यक्ष थानसिंह भंसाली, महिला मानवअधिकार रक्षक संजालकी अध्यक्ष अनिता देवकोटा, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देवलगायतले जिल्लामा भएका आपराधिक घटनाहरुप्रति चिन्ता व्यक्त गर्दै अपराध नियन्त्रण र सुरक्षित समाज निर्माणका लागि सबै सरोकारवालाले मिलेर काम गर्नु पर्नेमा जोड दिएका थिए।

# बाढीले जलमग्न मलंगवा

**टुडे समाचारदाता**

मलंगवा। शुक्रबार बिहान भारी वर्षापछि सर्लाहीको सदरमुकामसहित अधिकांश क्षेत्र जलमग्न भएको छ।

बिहान २ बजेदेखि ९ बजेसम्म लगातार परेको पानीपछि दर्जनौं वस्ती डुबानमा परेका छन्। पानीको निकास नदिई सडक निर्माण गरिँदा अधिकांश ठाउँमा डुबानको समस्या देखिएको छ।



सडकमै बाढी बग्दा आवतजावत पूर्णरुपमा प्रभावित बनेको स्थानीयले बताएका छन्। जिल्लाको पूर्व-पश्चिम राजमार्गको विभिन्न स्थानको लच्कामा बाढी आउँदा सवारी ओहोरदोहोर गर्न समस्या भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुरले जनाएको छ।

ट्राफिक प्रहरी निरीक्षक मदन थापाले नवलपुरस्थित बागवानी केन्द्र अगाडि र हरिवनस्थित बजारमा रहेको लच्कामा बाढी आइरहेकाले पालैपालो सवारी वारपार गराइरहेको जानकारी दिए। जिल्लाका भित्री सडकमा पनि बाढी आउँदा मोटरसाइकसहितका साना सवारी ओहोरदोहोरमा समस्या भइरहेको स्थानीयले बताएका छन्।

भारी वर्षापछि जिल्लाको बागमती, बाँके, कालिन्जोर, लखन्देही, फूलजोरलगायतका खोलामा बाढी आइरहेको छ। जिल्लाको लालबन्दी नगरपालिका -३ का वडाध्यक्ष बुद्धदेव चौधरीका अनुसार लालबन्दी नगरपालिका -३, जब्दी र ईश्वरपुर नगरपालिका -८, रामपुरलाई जोड्ने फूलजोर खोलाको पुलबाट पैदल र मोटरसाइकलबाहेक अन्य सवारी आउजाउ बन्द भएको छ।

जब्दीतर्फ पुल छेउको सडक बगाएपछि पुलबाट आवतजावत बन्द भएको वडाध्यक्ष चौधरीले बताए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८